प्रतिनिधि सभा र प्रदेश सभा
सदस्य निर्वाचन, २०७४

# अनुगमन प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर
२०७५

प्रतिनिधि सभा र प्रदेश सभा
सदस्य निर्वाचन, २०७४

# अनुगमन प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर
२०७५

# आयोगका पदाधिकारीहरू

## अध्यक्ष

मा. अनूप राज शर्मा

## सदस्यहरू

मा. प्रकाश वस्ती

मा. सुदिप पाठक

मा. मोहना अन्सारी

मा. गोविन्द शर्मा पौड्याल

## सचिव

वेद भट्टराई

| | | |
|---|---|---|
| प्रकाशक | : | राष्ट्रिय मानव अधिकार आयोग<br>पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल |
| प्रकाशन मिति | : | वैशाख, २०७५ |
| प्रति | : | ५०० |
| प्रतिवेदन नं. | : | २२४ (केन्द्रीय कार्यालय) |
| लेआउट | : | सुमन कार्की |
| मुद्रण | : | ऋचा अफसेट प्रेस, डिल्लीबजार, काठमाडौं, फोन : ९८५१०७४१३३ |
| सर्वाधिकार | : | राष्ट्रिय मानव अधिकार आयोग |



आयोगको पूर्व–स्वीकृतिविना यस प्रतिवेदनलाई पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । वौद्धिक तथा शैक्षिक प्रयोजनको लागि स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

राज्य सञ्चालनमा आमनागरिकको सहभागिता र नागरिकप्रति राज्यको जवाफदेही शासन व्यवस्था दुवैको आधारशिला भनेको आवधिक निर्वाचन नै हो । निर्वाचनका माध्यमबाट जनमत प्रकट हुने र त्यसैको आधारभूमिमा मुलुकको शासन सञ्चालन गरिने भएकाले निर्वाचन लोकतन्त्रको आधारभूत र अनिवार्य अवयव हो । स्वच्छ र निश्पक्ष निर्वाचनबाट मात्रै आम नागरिकको वास्तविक जनमत प्रकट हुने र जनताबाट निर्वाचित र जनउत्तरदायी शासन व्यवस्थाबाट मात्रै मानव अधिकार संस्कृतिको विकासमा बल पुग्न सक्ने भएकाले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गर्‍यो । दुई चरणमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा राष्ट्रिय मानव अधिकार आयोगले स्वतन्त्र र भयरहीत रुपमा राजनीतिक दलहरूले आफ्नो प्रचारप्रसार गर्न पाउने अधिकार, मतदाताहरूले निर्भयतापूर्वक आफूले चाहेको उम्मेद्वारलाई मतदान गर्न पाउने अधिकार, ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्त, गर्भवती र सुत्केरी महिलालगायतलाई मतदान कार्यमा दिइनुपर्ने प्राथमिकता र निर्वाचनमा समग्र मानव अधिकारको अवस्थाको समेत अनुगमन गरेको थियो । प्रस्तुत प्रतिवेदन त्यही अनुगमनको निष्कर्ष आमनागरिक समक्ष सार्वजनिक गर्ने उद्धेश्यले तयार गरिएको हो ।

मानव अधिकारको दृष्टिले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ कस्तो रह्यो, त्यसको तथ्यगत जानकारीका साथै निर्वाचनका क्रममा देखिएका कमी कमजोरीहरू र भविश्यकालागि मार्गदर्शन सहितका सुझावहरू राखी सम्बन्धित सरोकारवालाहरूलाई सुझाव तथा सिफारिशहरू पनि यसमा प्रस्तुत गरिएको छ । प्रस्तुत प्रतिवेदन एउटा अभिलेखको रूपमा रहन सक्ने आशा पनि लिएको छु । भविष्यका अनुसन्धानकर्ता र आगामी निर्वाचनको अनुगमनमा परिचालित हुने सबैलाई प्रस्तुत प्रतिवेदन उपयोगी हुने कुरामा राष्ट्रिय मानव अधिकार आयोग विश्वस्त रहेको छ ।

अन्त्यमा, अनुगमन कार्यमा खटिने आयोगका पदाधिकारी, सचिव, क्षेत्रीय/उप-क्षेत्रीय कार्यालयका प्रमुखहरू, महाशाखा प्रमुखहरू तथा सम्पूर्ण कर्मचारीहरू एवं नागरिक समाजका विशिष्ट व्यक्तित्वहरू प्रति आभार प्रकट गर्दै यो प्रतिवेदनलाई अन्तिम रुप दिई प्रकाशनमा ल्याउने कार्यमा खटिने आयोगका कर्मचारीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**अनूप राज शर्मा**

**अध्यक्ष**

२०७५, वैशाख

# विषय सूची

## परिच्छेद–एक

**प्रारम्भिक**


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | प्रतिवेदनको उद्देश्य | २ |
| १.३ | अनुगमन पद्धति | २ |
| १.४ | अनुगमन गरिएका जिल्लाहरू | ३ |
| १.५ | उच्चस्तरीय टोलीहरूबाट अनुगमन | ३ |
| १.६ | अनुगमन प्रतिवेदनका सीमाहरू | ३ |
| १.७ | प्रतिवेदनको संरचना | ४ |


## परिच्छेद–दुई

**मुलुकको तत्कालीन परिवेश**


| | | |
|---|---|---|
| २.१ | राजनीतिक पक्ष | ५ |
| २.२ | कानूनी पक्ष | ६ |


## परिच्छेद–तीन

**आयोगद्वारा सम्पादित गतिविधिहरू**


| | | |
|---|---|---|
| ३.१ | सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया | ११ |
| ३.२ | अनुगमन टोली गठन र परिचालन | ११ |
| ३.३ | प्रेस-विज्ञप्ति/पत्रकार सम्मेलन | ११ |
| ३.४ | निर्वाचन सामग्री प्रकाशन तथा प्रसारण | १२ |
| ३.५ | निर्वाचन अनुगमनमा चेकलिष्टको प्रयोग | १२ |


## परिच्छेद–चार


**अनुगमनबाट प्राप्त जिल्लागत तथ्यहरू** **१३**

**परिच्छेद–पाँच**

**विश्लेषण, निष्कर्ष, सिफारिश तथा सुझाव**


५.१ विश्लेषण र निष्कर्ष ४५

५.२ सिफारिश तथा सुझाव ५३

(क) नेपाल सरकारलाई ५४

(ख) निर्वाचन आयोगलाई ५५

(ग) राजनीतिक दल तथा उम्मेदवारहरूलाई ५६

(घ) अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा मानव अधिकारकर्मीहरूलाई ५७

(ङ) सञ्चारकर्मीहरूलाई ५८


**अनुसूचीहरू**


(१) आयोगद्वारा प्रकाशित अपील ५९

(२) आयोगद्वारा प्रकाशित/प्रसारित आह्वान ६०

(३) प्रेस-विज्ञप्तिहरू ६१

# प्रतिवेदनको सारांश

दुई चरणमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गरेको थियो । आयोगले मतदान पूर्व, मतदानको दिन र मतदान पश्चात्को अवस्थासमेतको अनुगमन गरी यो प्रतिवेदन प्रकाशन गरेको हो । आयोगका माननीय अध्यक्ष, सदस्य, सचिव, पूर्व पदाधिकारीज्यूहरूका साथै नागरिक समाजका प्रवुद्ध व्यक्तित्व, वरिष्ठ मानव अधिकारकर्मीहरू तथा पत्रकारहरूसमेतको उच्चस्तरीय अनुगमन टोलीले समेत निर्वाचनको अनुगमन गरेको थियो । आयोगले अनुगमनको क्रममा मानव अधिकारसम्बन्धी स्थापित मान्यताहरू, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रावधानहरू र निर्वाचनमा आम नागरिकको अधिकारको सवाललाई केन्द्रमा राखेको थियो । निर्वाचनमा हुनसक्ने संभावित मानव अधिकार उल्लंघनतर्फ सचेत गराउन तथा निर्वाचनको महत्व र मानव अधिकारको विषयलाई जोडेर चेतनामूलक सन्देशहरू मुलुकका विभिन्न रेडियोहरू तथा पत्रपत्रिकाहरूबाट प्रसारण तथा प्रकाशन गरिएको थियो । मतदानमा सहभागी भई योग्य उम्मेदवारको छनौट गर्न सम्पूर्ण मतदाताहरूलाई आव्हान गर्दै निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न राजनीतिक दलहरू, निर्वाचन आयोग, नेपाल सरकार लगायत सम्पूर्ण सरोकारवालाहरूलाई आयोगबाट सार्वजनीक रुपमा अपील जारी भएको थियो भने निर्वाचनलाई व्यवस्थित बनाउन आव्हान गर्दै तत्काल उठेका केही सवालहरूको सम्बोधनका लागि समय समयमा प्रेस विज्ञप्ति पनि जारी भएका थिए ।

वर्तमान संविधानको प्रस्तावनामा नै वालिग मताधिकार र आवधिक निर्वाचनको चर्चा गरी निर्वाचनको महत्वलाई स्वीकार गरिएको छ भने धारा ८४ मा प्रतिनिधि सभाको गठनसम्बन्धी व्यवस्था र धारा १७६ मा प्रदेश सभाको गठनसम्बन्धी व्यवस्था गरिएको छ । निर्वाचन आयोग ऐन-२०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन-२०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन-

२०७४, मतदाता नामावली सम्बन्धी ऐन-२०७३, निर्वाचन (कसूर तथा सजाय) ऐन-२०७३, राजनीतिक दल सम्बन्धी ऐन-२०७३ (पहिलो संसोधन सहित), निर्वाचन आयोग नियमावली-२०७३, राजनीतिक दल सम्बन्धी नियमावली-२०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली-२०७४, प्रदेश सभा सदस्य निर्वाचन (संशोधन सहित) नियमावली-२०७४, प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन) निर्देशिका-२०७४, प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना ) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (तेस्रो संशोधन) निर्देशिका-२०७४ ,प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (दोस्रो संशोधन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (पहिलो संशोधन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका-२०७४, प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन (संशोधन सहित) निर्देशिका-२०७४, प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन (संशोधन सहित) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता अनुगमन निर्देशिका-२०७४, मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन विवाद निरुपण निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन कसूर तथा सजाय निर्देशिका-२०७४, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका-२०७४, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचारसंहिता-२०७४ समेत नेपालको निर्वाचन प्रक्रियासित सम्बन्धित छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१ मा प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत भाग लिने अधिकार हुने, देशको सरकारी सेवामा समान प्रवेशको अधिकार हुने र जनताको इच्छा सरकारको शासन-सञ्चालनको आधार हुने भन्ने उल्लेख गरिएको छ भने, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा-२५ मा प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने अधिकारको प्रत्याभूत गरिएको छ । महिलाविरुद्व हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ को धारा-७ ले पुरुष सरह महिलालाई सबै निर्वाचन तथा जनमत सङ्ग्रहमा मत दिने अधिकार तथा सार्वजनिक रूपमा निर्वाचित हुने संस्थाहरूमा निर्वाचनको लागि योग्य हुने अधिकारको प्रत्याभूत गरेको छ । यसैगरी सबै प्रकारका जातीय विभेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ले सर्वव्यापी र समान मतदानका आधारमा निर्वाचनमा भाग लिने, मतदान गर्ने तथा उम्मेद्वार बन्ने अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ ले अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुने लगायत प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिहरू मार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवम् पूर्ण रूपमा सहभागी हुने अधिकारको व्यवस्था गरेको छ । सोही महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान प्रक्रिया, सुविधा र सामग्रीहरू उपयुक्त पहुँचयोग्य, बुझ्न एवम् प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने कुराको समेत प्रत्याभूत गरेकोले आवधिक निर्वाचन र त्यसको समग्र प्रक्रियालाई मानव अधिकारमैत्री बनाउनु पर्ने तथ्यलाई नकार्न सकिँदैन ।

आयोगले गरेको अनुगमनबाट प्राप्त तथ्य अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ औसतमा शान्तिपूर्ण रुपमा सम्पन्न भएको पाइएको छ । निर्वाचनको क्रममा विष्फोटमा घाइते भइ एक जना म्यादी प्रहरीको मृत्यु भएको थियो भने भोजपुर, उदयपुर, नुवाकोट, काठमाण्डौं, तनहुँ लगायतका जिल्लाहरूमा उम्मेदवार तथा उम्मेदवार चढेको सवारी

साधनहरूमाथि आक्रमण भएको पाइयो । अन्य केही स्थानहरूमा बम फेला परेको, पड्केका विष्फोटक पदार्थहरूले आम नागरिकमा त्रास सिर्जना गरेको र केही ठाउँमा भएका झडपका केही छिटपुट घटनाहरूमा केही उम्मेदवार र कार्यकर्ताहरू समेत घाईते भएको बाहेक मानव अधिकार उल्लंघनका गम्भिर घटनाहरू नभएको पाइयो । मतदानमा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू समेतको उत्साहजनक सहभागिता रहेको पाइयो । निर्वाचनको क्रममा कसैलाई पनि लिंग, धर्म, जातजाति, राजनैतिक आस्थासमेत कुनैपनि आधारमा विभेद भएको भन्ने जस्ता घटना भएको पाइएन । निर्वाचनमा सहभागी भएका दलहरू तथा उम्मेदवारहरूले आफ्नो प्रचार-प्रसार, सभा-सम्मेलन आदिमा कतैबाट बाधा अवरोध खेप्नुपरेको पाइएन । मतदाताहरूले पनि आफ्नो इच्छा लागेको व्यक्तिलाई मतदान गर्नबाट वन्चित हुनु परेको तथा कसैको दवाव र प्रभावमा मत दिनु परेको भन्ने पाइएन । मतदाताहरूको गोपनीयताको हकको संरक्षण भएको पाइयो ।

पर्याप्त र प्रभावकारी रुपमा मतदाता शिक्षा प्रदान नभएको, मतदान गर्दा कति वटा चिन्हमा कसरी मतदान गर्ने भन्ने विषयमा धेरै मतदाताहरू अलमलमा परेको, मतदाता शिक्षामा खटिएका प्रशिक्षकहरू समेत अलमलमा रहेको र मतदानबारे सही ज्ञान दिन नसकेको गुनासो मतदाताहरूले गरेको पाइयो । अपाङ्ग, बौद्धिक अपाङ्गता भएका, फरक क्षमता भएका नागरिकका लागि मतदाता शिक्षाका सामग्री उत्पादन र वितरणको यथोचित व्यवस्था भएको पाइएन । मतदाता नामावलीमा नाम भएका कतिपय मतदाताहरूको मतदाता परिचय पत्र नभएको, मतदाता परिचय पत्र भए पनि मतदाता नामावलीमा नाम नभएको जस्ता समस्याहरू पछिल्लो चरण सम्म पाइयो । दलहरूले निर्वाचनको प्रचार प्रसार, जुलुस, आमसभा लगायतमा बालबालिकाको प्रयोग गर्ने गरेको पाइयो । जेष्ठ नागरिक, सुत्केरी, विरामी र अपाङ्गता भएका व्यक्तिहरूका लागि निर्वाचनका दिन आवागमनमा सहज बनाउन पर्याप्त व्यवस्था भएको पाइएन । सबै मतदान केन्द्रहरूमा पर्याप्त खानेपानी, शौचालय र प्राथमिक उपचारको व्यवस्था भएको पाइएन ।

आयोगको अनुगमनबाट प्राप्त तथ्यहरूलाई विश्लेषण गर्दा सुधार गर्नुपर्ने पक्षहरू धेरै रहेका छन् । ज्येष्ठ नागरिक, महिला र अपाङ्गता भएका व्यक्तिहरू तथा विरामीहरू लगायत सबैलाई सहज हुने गरी मतदान केन्द्रहरूको व्यवस्थापन गर्न र आम नागरिकले भयरहीत वातावरणमा मत दिन पाउने अवस्थाको सुनिश्चित गर्न प्रस्तुत प्रतिवेदनमा नेपाल सरकारलाई सिफारिश गरिएको छ । मतदाता शिक्षा प्रभावकारी बनाउन, महिला, ज्येष्ठ नागरिक, अपाङ्गमैत्री मतदानस्थलको छनौट, खानेपानी, शौचालय, प्राथमिक स्वास्थ्य सेवाको उपलब्धतामा ध्यान दिन, मतदाता परिचयपत्रमा भएका कमी कमजोरी हटाउन, कर्मचारी परिचालन र आलोपालोको व्यवस्था प्रभावकारी रुपमा गर्न, मत च्यात्ने र पुनः मतदान गर्ने अवस्था दोहोरिन नदिन र निर्वाचन आचारसंहिताको कडाइका रुपमा पालना र कार्यान्वयन गर्न निर्वाचन आयोगलाइ सुझाव दिइएको छ । यस्तै गरी राजनीतिक दलहरूलाई आचार संहिता पालना गर्न र बालबालिकालाई प्रयोग नगर्न आव्हान गर्दै पर्यवेक्षकहरूलाई निष्पक्षरुपमा पर्यवेक्षण गर्न सुझाइएको छ ।

# परिच्छेद-एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

निर्वाचन नागरिकको सार्वभौमसत्ताको प्रयोगको आधार एवम् सरकारलाई वैधानिकता प्रदान गर्ने विधि हो। आवधिक निर्वाचनबिना लोकतन्त्र र मानव अधिकारको परिकल्पना गर्न सकिँदैन। त्यसैले विश्वका प्रायः प्रजातान्त्रिक मुलुकले आवधिक निर्वाचनलाई लोकतन्त्रको अनिवार्य शर्त मानी व्यवहारमा अबलम्बन गर्दै आएका छन्। निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित एवम् भयमुक्त एवम् समावेशी चरित्रको हुन आवश्यक हुन्छ। वास्तबिक निर्वाचनमा आवधिक, प्रजातान्त्रिक विधि-पद्धतिको अबलम्बन, जनताको सहभागितालगायत तत्वहरूको सुनिश्चितता हुनुपर्दछ। यसभन्दा बाहिर गई गरिने अभ्यास सही निर्वाचन नभई छनौट वा मनोनयनभन्दा बढी अर्थपूर्ण हुनसक्दैनन्।

नवीन संवैधानिक व्यवस्था अनुसार संघीय संरचनामा सम्पन्न भएको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४, ले नेपालको मौजुदा संविधानको कार्यान्वयनमा महत्वपूर्ण निर्वाह गर्ने कुरामा दुई मत छैन। निर्वाचन जनचाहनाको प्रकट हुने माध्यम भएको र यसकै माध्यमबाट लोकतान्त्रिक व्यवस्था सबल हुने भएकोले पनि निर्वाचनलाई लोकतन्त्रको गहना भनिएको हो। व्यक्तिको मानव अधिकारको सम्मान र संरक्षण तथा त्यसको प्रभावकारी कार्यान्वयन लोकतान्त्रिक व्यवस्थामा मात्रै हुने भएकोले पनि निर्वाचन र मानव अधिकारलाई एक आपसका पर्याय मान्ने गरिन्छ। निर्वाचन जति स्वतन्त्र, निश्पक्ष र मर्यादित हुन्छ त्यति नै त्यसप्रतिको जनआस्था अभिवृद्धि हुन्छ। स्वतन्त्र र निश्पक्ष निर्वाचनका माध्यमबाट प्राप्त जनमतका आधारमा बन्ने सरकार नै जन अपेक्षा प्रति जवाफदेही रहन्छ। जनअपेक्षा प्रति जवाफदेही सरकारबाट मात्रै लोकतान्त्रिक मूल्य र मानव अधिकारको सम्मान र संरक्षण हुने भएकाले पनि स्वतन्त्र, निश्पक्ष र मर्यादित निर्वाचनको मानव अधिकारसँग अन्योन्याश्रित सम्बन्ध छ।

२०७४ मङ्सिर १० र २१ गते गरी दुई चरणमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को क्रममा मुलुकका ७२ जिल्लामा

आयोगका टोलीहरूले स्थलगतरूपमा र बाँकी ५ जिल्लाको हकमा परोक्षरूपमा मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गरेको थियो । आयोगले गरेको अनुगमनबाट प्राप्त तथ्यहरूका आधारमा देखिएका कमीकमजोरी र समस्याहरूको निराकरण गरी भविष्यमा आवश्यक सुधार गर्ने तर्फ क्रियाशिल रहन प्रस्तुत प्रतिवेदनले सरोकारहरूलाई सिफारिश गरेको छ ।

## १.२ प्रतिवेदनको उद्देश्य

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को प्रस्तुत अनुगमन प्रतिवेदनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) दुवै चरणमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को अनुगमनबाट प्राप्त तथ्यहरूलाई सार्वजनिक गर्नु,

ख) अनुगमनबाट प्राप्त तथ्यहरूका आधारमा देखिएका समस्या र चुनौतिका सम्बन्धमा सम्बन्धित सरोकारवालाहरू समक्ष सुझाव तथा सिफारिश प्रस्तुत गर्नु ।

## १.३ अनुगमन पद्धति

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गर्दा निम्नानुसारको अनुगमन पद्धति अबलम्बन गरिएको थियो :

(क) प्रारम्भिक सूचना सङ्कलन

(ख) निर्वाचन आयोग, सुरक्षा निकायका प्रमुखहरू, मुख्य निर्वाचन अधिकृतको कार्यालयहरू, जिल्ला निर्वाचन अधिकृतको कार्यालयहरू, जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला प्रहरी कार्यालयहरूसित आवश्यक छलफल, कुराकानी र आवश्यक सूचना सङ्कलन,

(ग) आयोगबाट उच्चस्तरीय र कर्मचारीहरू सम्मिलित अनुगमन टोलीहरूको गठन र स्थलगत परिचालन

(घ) उम्मेदवार र मतदाताहरूसँग छलफल र अन्तर्क्रिया

(ङ) विषयवस्तुसँग सम्बन्धित तस्वीर सङ्कलन

(च) आम सञ्चारका माध्यमहरूबाट सूचना प्राप्ति, तिनको प्रामाणिकता परीक्षण र प्रयोग ।

## १.४ अनुगमन गरिएका जिल्लाहरू

२०७४ मङ्सिर १० र २१ गते गरी दुई चरणमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गरेको थियो। निर्वाचन कार्य २०७४ मङ्सिर १० गते प्रथम चरणमा ३२ जिल्लामा भएको थियो भने मङ्सिर २१ गते ४५ जिल्लामा सम्पन्न भएको थियो। प्रथम चरणको निर्वाचन सम्पन्न भएका ३२ जिल्लामध्ये उच्च हिमाली क्षेत्रका मनाङ, मुस्ताङ, डोल्पा, बाजुरा र हुम्ला जिल्लामा आयोगको अनुगमन टोलीहरू नपुगेका कारण ती जिल्लाहरूको हकमा आमसञ्चारका माध्यमहरू र सुरक्षा निकायबाट प्राप्त सूचनालाई तथ्यको रूपमा ग्रहण गरिएको थियो। बाँकी सम्पूर्ण जिल्लाहरूमा आयोगले आफ्नै टोलीहरू परिचालन गरि अनुगमन कार्य सम्पन्न गरेको थियो।

## १.५ उच्चास्तरीय टोलीहरूबाट अनुगमन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को बिभिन्न सात वटा उच्चस्तररीय अनुगमन टोलीहरूबाट अनुगमन भएको थियो। उच्चस्तररीय अनुगमन टोलीमा आयोगका माननीय अध्यक्ष, सदस्यहरू, सचिव, आयोगका पूर्व पदाधिकारीहरू, अधिकारकर्मीहरू, नागरिक समाजका अगुवाहरू र पत्रकारहरू रहनु भएको थियो।

## १.६ अनुगमन प्रतिवेदनका सीमाहरू

प्रस्तुत अनुगमन प्रतिवेदनका सीमाहरू देहाय अनुसार रहेका छन् :-

क) सम्वत २०७४ सालको मङ्सिर १० र २१ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को निर्वाचन पूर्व, निर्वाचनको चरण र निर्वाचन पश्चातको चरणको मानव अधिकारका दृष्टिकोणबाट गरिएको अनुगमनबाट प्राप्त तथ्यबाहेकका विषयमा यो प्रतिवेदन सम्बन्धित छैन।

ख) सम्वत २०७४ सालको मङ्सिर १० गते सम्पन्न प्रथम चरणको निर्वाचन सम्पन्न भएका मध्ये स्थलगत रूपमा आयोगको अनुगमन टोलीहरू नपुगेका उच्च हिमाली क्षेत्रका मनाङ, मुस्ताङ, डोल्पा, बाजुरा र हुम्ला

जिल्लाहरूको हकमा आमसञ्चारका माध्यमहरू र सुरक्षा निकायबाट प्राप्त सूचनालाई तथ्यको रूपमा ग्रहण गरिएको छ ।

ग) सम्वत २०७४ सालको मङ्सिर १० र २१ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को अनुगमन गर्न खटिएका अनुगमन टोलीहरू अनुगमनमा जानु पूर्व र कार्य सम्पन्न गरी फर्किए पश्चातको विवरण यो प्रतिवेदनमा छैन ।

## १.७ प्रतिवेदनको संरचना

यस प्रतिवेदनमा पाँचवटा परिच्छेदहरू रहेकाछन् । परिच्छेद एक-प्रारम्भिक, परिच्छेद दुई-आमनिर्वाचनको आधारशिला, परिच्छेद तीन-आयोगका गतिविधिहरू, परिच्छेद चार-अनुगमनबाट प्राप्त जिल्लागत तथ्यहरू, परिच्छेद पाँच-विश्लेषण, निश्कर्ष, सिफारिश तथा सुझावहरू र अन्त्यमा अनूसूचिहरू समावेश गरिएको छ ।

# परिच्छेद–दुई
# मुलुकको तत्कालीन परिवेश

निर्वाचनका माध्यमबाट जनचाहना प्रतिविम्बित हुने र लोकसम्मति अनुकूलको शासन व्यवस्था स्थापित हुने भएकाले लोकतान्त्रिक व्यवस्थाको महत्त्वपूर्ण र अनिवार्य औजारका रूपमा निर्वाचनलाई लिइन्छ । यो विधिको शासन र मानव अधिकारको निम्ति नभई नहुने विषय पनि हो । लोकको मत समाहित नभएको र विधि, पद्धतिअन्तर्गत नरहेको शासन व्यवस्थामा मानव अधिकारको परिकल्पना गर्न सकिँदैन । अतः मानव अधिकार र आवधिक निर्वाचन एकअर्काका पर्याय हुन् । निर्वाचन जति स्वतन्त्र र निश्पक्ष हुन्छ , त्यति नै त्यसप्रतिको जनविश्वास अभिवृद्धि हुन्छ । जनविश्वासमा आधारित निर्वाचन र त्यस मार्फत स्थापित अङ्गहरूमा सदैव जनताले अपनत्व बोध गर्न सक्दछन् ।

कुनैपनि निर्वाचन विश्वसनीय र सर्वस्वीकार्य हुनुपर्दछ । यसकोलागि निर्वाचनमा भाग लिने दलहरू तथा उम्मेद्वारहरू र मतदाताहरूको पनि समर्थन र इच्छाले ठूलो भूमिका निर्वाह गरेको हुन्छ । साथै निर्वाचन सम्पन्न गर्न गराउनकोलागि हरेक पक्षबाट सकारात्मक सहयोग, सहकार्य, समर्थन र सहमतिको आवश्यकता पर्दछ । स्वच्छ, निष्पक्ष र धाँधलिरहित निर्वाचनकोलागि राजनीतिक र कानुनी दृष्टिकोणले के कस्तो अवस्था रह्यो भन्ने विषयमा यस परिच्छेदमा चर्चा गरिएको छ ।

## २.१ राजनीतिक पक्ष

दस वर्षे सस्शत्र विद्रोहपश्चात विकसित मुलुकको विशिष्ट परिस्थिति, राजतन्त्रको समाप्ति र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाजस्ता विषय आफैँमा ऐतिहासिक महत्वका हुन् । नवीन संवैधानिक व्यवस्थाअनुरूप २०७४ बैशाख ३१, असार १४ र अशोज २ गते गरी तीन चरणमा सम्पन्न भएको थियो । प्रदेश सभा र प्रतिनिधी सभाको निर्वाचनकोलागि मंसिर १० र २१ गरी २ चरणमा तोकियो । स्थानीय निर्वाचनमा केही दल तथा समूहहरूको विमति

र विवाद भएतापनि यस निर्वाचनमा छिटपुट केही साना दल तथा समूहहरूले समर्थन र सहभागिता नजनाएपनि बाँकी सम्पूर्ण दलहरू एकमत भइ निर्वाचनमा होमिएकाले खासै ठूलो विवाद र गम्भिर खालका मानव अधिकार उल्लंघनका घटनाहरू भएनन् । यो निर्वाचनमा सबैपक्ष र दलहरूको समर्थन र सहभागिता रहेकोले नागरिकहरूले सक्रिय शान्तिपूर्ण र उल्लासपूर्ण वातावरणमा सहभागि हुने वातावरण बनेको थियो ।

## २.२ कानूनी पक्ष

आवधिक निर्वाचनमार्फत आफ्ना प्रतिनिधि छनोट गर्ने र त्यसमार्फत मुलुकको शासनमा सहभागी हुन पाउने आम नागरिकको अधिकारलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी व्यवस्थाहरूले महत्वका साथ स्वीकार गरेका छन् । स्वतन्त्र, निष्पक्ष र धाधँलीरहित निर्वाचन लोकतन्त्रको आधारशीला भएको र त्यसमार्फत नै विधिको शासन संस्थागत भई मानव अधिकारको सम्मान र संरक्षण हुन सक्ने कुरामा दुई मत छैन । यसै सन्दर्भमा निर्वाचनसित जोडिएर आउने राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी व्यवस्थाहरूको सामान्य चर्चा देहायअनुसार गरिएको छ :-

### २.२.१ राष्ट्रिय व्यवस्थाहरू

#### क) नेपालको संविधान

नेपालको संविधानको प्रस्तावनामा नै वालिग मताधिकार र आवधिक निर्वाचनको चर्चा गरी निर्वाचनको महत्वलाई स्वीकार गरिएको छ भने धारा ८४ मा प्रतिनिधि सभाको गठनसम्बन्धी व्यवस्था र धारा १७६ मा प्रदेश सभाको गठनसम्बन्धी व्यवस्था गरिएको छ ।

#### ख) निर्वाचनसँग सम्बन्धित ऐन, नियमावली, निर्देशिका तथा आचारसंहिताहरूको विवरण

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ सित सम्बन्धित रहेका ऐन, नियमावली, निर्देशिका तथा आचारसंहिताहरूको विवरण देहायनुसार रहेको छ :-

निर्वाचन आयोग ऐन-२०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन-२०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन-२०७४, मतदाता नामावलीसम्बन्धी ऐन-२०७३, निर्वाचन (कसूर तथा सजाय) ऐन-२०७३, राजनीतिक दल सम्बन्धी ऐन-२०७३ (पहिलो संसोधन सहित), निर्वाचन आयोग नियमावली-२०७३, राजनीतिक दल सम्बन्धी नियमावली-२०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली-२०७४, प्रदेश सभा सदस्य निर्वाचन (संशोधन सहित) नियमावली-२०७४, प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन) निर्देशिका-२०७४, प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन ( मतगणना ) निर्देशिका- २०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (तेस्रो संशोधन) निर्देशिका-२०७४ ,प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (दोस्रो संशोधन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (पहिलो संशोधन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका-२०७४, प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन ( संशोधन सहित) निर्देशिका-२०७४, प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन ( संशोधन सहित) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता अनुगमन निर्देशिका-२०७४, मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका-२०७४, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन कसूर तथा सजाय निर्देशिका-२०७४, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका-२०७४, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचारसंहिता-२०७४ ।

### २.२.२ अन्तर्राष्ट्रिय व्यवस्थाहरू

**क) मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१**

(१) प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत भाग लिने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई उसको देशको सरकारी सेवामा समान प्रवेशाधिकारको अधिकार हुनेछ ।

(३) जनताको इच्छा सरकारको शासन-सञ्चालनको आधार हुनेछ । जुन इच्छा सर्वव्यापी एवम् समान अधिकारद्वारा हुने आवधिक तथा वास्तबिक निर्वाचन गोप्य मतदानद्वारा अभिव्यक्त गरिनेछ ।

**ख) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ (धारा-२५)**

प्रत्येक नागरिकलाई धारा २ मा उल्लेख गरिएका कुनै भेदभावबिना तथा अनुचित प्रतिबन्धहरूबिना देहायका कुराको अधिकार तथा अबसर हुनेछ :

(क) प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने,

(ख) सर्वव्यापी तथा समान मतदान एवम् गोप्यताबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्तिको सुनिश्चितता गरिएको वास्तबिक आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने,

(ग) समानताको सामान्य नियमबाट आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने ।

**ग) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९(धारा-७)**

पक्षराष्ट्रहरूले मुलुकको राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाविरुद्धको भेदभाव उन्मूलन गर्न विशेषतः समान आधारमा पुरुषसरह महिलालाई देहायका अधिकारहरू उपलब्ध गराउन आवश्यक कदम चाल्नेछन् :

(क) सबै निर्वाचन तथा जनमत सङ्ग्रहमा मत दिने अधिकार तथा सार्वजनिक रूपमा निर्वाचित हुने संस्थाहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार,

(ख) सरकारी नीति-निर्माणमा तथा त्यसको कार्यान्वयनमा सरिक हुने तथा सार्वजनिक पद धारण गर्न सबै सरकारी निकायमा हुने सार्वजनिक क्रियाकलाप सम्पादन गर्ने अधिकार,

(ग) मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी संस्था तथा सङ्गठनहरूमा भाग लिन पाउने अधिकार ।

## घ) सबै प्रकारका जातीय विभेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५(धारा ५)

राजनीतिक अधिकारहरू विशेषतः सर्बव्यापी र समान मतदानका आधारमा निर्वाचनमा भाग लिने, मतदान गर्ने तथा उमेदवार बन्ने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक कार्य सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार ।

## ङ) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ (धारा-२९)

राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता पक्ष राष्ट्रहरूले अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक अधिकार तथा त्यस्तो अधिकारहरूको उपभोग गर्ने अबसरको प्रत्याभुत दिनेछन् र देहायका कुराहरू गर्ने कबुल गर्नेछन् :

(क) अन्य व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुने लगायत प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिहरूमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवम् पूर्णरूपमा सहभागी हुन सकेका छन् भनी अरू कुराका अतिरिक्त देहायका कुराहरूबाट सुनिश्चित गर्ने,

(अ) मतदानका प्रक्रिया, सुविधा र सामग्रीहरू उपयुक्त पहुँचयोग्य, बुझ्न एवम् प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने;

(आ) अपाङ्गता भएका व्यक्तिहरूले भयमुक्त वातावरणमा निर्वाचन र सार्वजनिक जनमत सङ्ग्रहहरूमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उमेदवार हुने, सरकारका सबै तहहरू र सार्वजनिक कार्यहरूमा पद धारण गर्न र कार्य सम्पादन गर्ने पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा सहयोगात्मक र नयाँ प्रविधिहरूको प्रयोगलाई सहज बनाउने,

(इ) अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताको रूपमा आफ्नो इच्छा स्वतन्त्र रूपमा अभिव्यक्त गर्न सक्ने अधिकार प्रत्याभूत गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने ।

# परिच्छेद–तीन
# आयोगद्वारा सम्पादित गतिविधिहरू

आयोगले गरेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को अनुगमन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन विविध क्रियाकलापहरू गरेको थियो। प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को अनुगमनका क्रममा आगोगबाट सम्पादन भएका मूल कार्यहरूलाई देहायनुसार उल्लेख गरिएको छ :

## ३.१ सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया

अनुगमन कार्यलाई प्रभावकारी बनाउन र अन्य सरोकारवालाहरूसँग सहकार्य र समन्वयकोलागि आयोगले राष्ट्रिय महिला आयोग, दलित आयोग, मुस्लिम आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, केन्द्रीय वाल कल्याण समिति, नेपाल वार एशोसिएशन र नेपाल पत्रकार महासंघका प्रतिनिधिहरूसित सहकार्यको बारेमा छलफल गरेको थियो। यस्तैगरी, अर्को एक छुट्टै कार्यक्रम आयोजना गरी निर्वाचन पर्यवेक्षकहरू, मानव अधिकार कर्मीहरू, नागरिक समाजका प्रतिनिधिहरूसँग पनि छलफल गरियो। निर्वाचनको क्रममा विभिन्न ठाउँहरूमा भएका विष्फोट, उम्मेदवारहरूमाथि भएका आक्रमण र मतदातामा फैलिएको त्रास समेतलाई मध्येनजर गरी सुरक्षा व्यवस्था मिलाउन गृह सचिव, सुरक्षा निकायका प्रमुखहरूसमेतलाई आयोगमा बोलाई छलफल गरिएको थियो।

## ३.२ अनुगमन टोली गठन र परिचालन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को बिभिन्न सात वटा उच्चस्तरीय अनुगमन टोलीहरूबाट अनुगमन भएको थियो। उच्चस्तररीय अनुगमन टोलीमा आयोगका माननीय अध्यक्ष, सदस्यहरू, सचिव, आयोगका पूर्व पदाधिकारीहरू, अधिकारकर्मीहरू, नागरिक समाजका अगुवाहरू र पत्रकारहरू रहनु भएको थियो। यसै गरी आयोगका कर्मचारीहरू सम्मिलित अनुगमन टोलीहरू निर्वाचन भएका अधिकांश जिल्लामा परिचालित भई निर्वाचनको मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गरेका थिए।

## ३.३ प्रेस–विज्ञप्ति/पत्रकार सम्मेलन

आयोगबाट भएको निर्वाचन अनुगमनसम्बन्धी विषयको जानकारी सार्वजनिक गर्ने, निर्वाचनको प्रकृयामा भएका कमी कमजोरीको सुधार तथा निर्वाचनमैत्री

वातावरण निर्माणकालागि सरोकारवालाहरूको ध्यानाकृष्ट गर्ने हेतुले आवश्यकतानुसार समय-समयमा प्रेस विज्ञप्तिहरू जारी गरिएको थियो भने पत्रकार सम्मेलन गरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को अनुगमन कार्यका विषयमा जानकारी गराइएको थियो ।

## ३.४ निर्वाचन सामग्री प्रकाशन तथा प्रसारण

पहिलो र दोस्रो दुवै चरणको निर्वाचनको क्रममा राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन र मानव अधिकारका सवालमा आधारित रही अपील तथा आह्वान प्रकाशन तथा प्रसारण गरेको थियो। त्यसै गरी विभिन्न एफ.एम.रेडियोहरूबाट समेत आयोगको अपील तथा आह्वान प्रसारण गरिएको थियो ।

## ३.५ निर्वाचन अनुगमनमा चेकलिष्टको प्रयोग

पहिलो र दोस्रो दुवै चरणको निर्वाचनको अनुगमनको क्रममा आयोगबाट अनुगमन चेकष्टिको प्रयोग गरिएको थियो। मतदानपूर्वको अनुगमनमा उमेदवार/दलहरूले स्वतन्त्र रूपमा निर्वाचनसम्बन्धी गतिविधि गर्न पाए-नपाएको, निर्वाचन क्षेत्रमा आवत-जावतको स्वतन्त्रता रहे-नरहेको, आमसभा तथा जुलुस गर्न पाए-नपाएको, उमेदवारहरूले निर्वाचन प्रयोजनका लागि बालबालिकाको प्रयोग भए-नभएको लगायतका विषयहरू रहेका थिए ।

मतदानको दिन मतदान-केन्द्र उपर्युक्त स्थानमा भए-नभएको, मतदाताहरूको मतदान-केन्द्रसम्मको निर्वाध आवागमन रहे-नरहेको, मतदान-केन्द्रको वातावरण, मतदाताले आफ्नो मत गोप्य रूपमा प्रयोग गर्न पाए-नपाएको विषय समावेश थिए। त्यसैगरी बल प्रयोग गरी वा डर, धाक, त्रास देखाइ मतदान स्थल आफ्नो कब्जामा लिन वा मतपत्र/मतपेटिका वा मतदान सामग्री जर्बजस्ती आफ्नो नियन्त्रणमा लिने, बिगार्ने तथा नष्ट गर्ने कार्य भए-नभएको विषय पनि उल्लेख थिए। यसका साथै ज्येष्ठ नागरिक, महिला, अपाङ्ग, अशक्त तथा दृष्टिविहीन लगायतका मतदाताहरूलाई मतदान गर्नको लागि विशेष व्यवस्था, खानेपानी वा शौचालयको व्यवस्था भए-नभएको, पर्यवेक्षहरूको पहुँच रहे-नरहेको जस्ता विषयहरू रहेका थिए ।

मतदानपश्चात् मतपेटिका सङ्कलन कार्यमा अवरोध पुऱ्याइएको-नपुऱ्याइएको, मतदाताहरूलाई कुनै पनि किसिमको धम्की/कुटपीट भए-नभएको, निर्वाचनका क्रममा निर्वाचन कसूर उल्लङ्घन सम्बन्धी परेका उजुरीहरू उपर उजुरी सुन्ने निकायहरूले प्रभावकारी रूपमा उजुरी ग्रहण गरे-नगरेको विषय रहेका थिए ।

# परिच्छेद-चार

# अनुगमनबाट प्राप्त जिल्लागत तथ्यहरू

| क्रम संख्या | जिल्ला | तथ्यहरू |
|---|---|---|
| १ | पाँचथर | ❖ अधिकांश मतदान केन्द्रहरू अपाङ्गमैत्री रहेको पाइएन ।<br>❖ अधिकांश केन्द्रमा खानेपानी तथा प्राथमिक उपचारको पर्याप्त व्यबस्था गरेको पाईएन ।<br>❖ मतदाता शिक्षाको कमी रहेको गुनासो पाइयो ।<br>❖ कतिपय मतदाताहरू ४ देखि ५ घण्टासम्म पैदल हिंडेर मतदान केन्द्र आउनु परेको पाईयो ।<br>❖ अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, र ज्येष्ठ नागरिक लाई मतदान कार्यमा प्राथमिकता दिइएको पाइयो तापनि सशक्तहरूकालागि मतदानस्थल सम्मको पहुँचकोलागि विशेष व्यवस्था गरिएको पाइएन ।<br>❖ मतदान अगावै बिप्लव समुहका केही कायकर्ताहरूलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएको भन्ने जानकारी जिल्ला प्रहरी कार्यालयबाट पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी र शौचालयको समुचित प्रबन्ध भएको पाइएन ।<br>❖ निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको पाइयो । |
| २. | इलाम | ❖ मतदानका क्रममा विभेदको अवस्था नभएको पाइयो ।<br>❖ जेष्ठ नागरिक, अपाङ्ग, असक्त, सुत्केरी र गर्भवती महिलाको लागि सबै मतदान केन्द्रहरूमा छुट्टै लाइनको व्यवस्था गरी सहज मतदानको व्यवस्था गरेको पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी, शौचालय र प्राथमिक उपचारको पर्याप्त व्यवस्था गरिएको पाइएन ।<br>❖ अधिकांश मतदान स्थलहरू बिद्यालयमा रहेको पाइयो ।<br>❖ मतदाता शिक्षाको कमी रहेको गुनासो धेरै स्थानहरूमा पाइयो । |
| ३. | झापा | ❖ कतिपय ठाउँमा ४ किलोमिटरसम्म हिंडेर मतदान गर्न जानु पर्ने अवस्था रहेको पाइयो । |

| | | |
|---|---|---|
| | | ❖ सुत्केरी महिला, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि मतदान केन्द्रहरूमा छुट्टाछुट्टै लाइनहरूको व्यवस्था गरिएको पाईयो ।<br>❖ मतदाता शिक्षा पर्याप्त नभएको पाइयो ।<br>❖ कतिपय स्थानमा अपाङ्गता भएका व्यक्तिहरू मतदानस्थलसम्म आउन नसकी मताधिकारबाट बन्चित हुनुपरेको भन्ने गुनासो रहेको पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी, शौचालय र प्राथमिक उपचारको पर्याप्त व्यवस्था गरिएको पाइएन ।<br>❖ अधिकांश मतदान स्थलहरू बिद्यालयमा रहेको पाइयो । |
| ४. | मोरङ | ❖ मतदाता शिक्षा फितलो रहेको गुनासो पाइयो ।<br>❖ मोरङ्ग जिल्लाको आर्दश उच्च मा.वि.को मतदान केन्द्रमा ११ पढने बालक, आन्तरिक राजस्व कार्यालयको मतदान केन्द्रमा १७ वर्षको बालक र कटारी गाँउपालिका वडा नं. ३ को जनप्रिय मा.वि.को मतदान केन्द्रमा कक्षा ९ मा पढने बालिकालाई स्वयंसेवक राखेको पाइयो ।<br>❖ अशक्त, वृद्धवृद्धा, ज्येष्ठ नागरिक, बिरामी व्यक्ति, सुत्केरी महिला, आपाङ्ग र किरियापुत्रीलाई मतदानमा प्राथमिकता दिएको पाइयो ।<br>❖ कुनै पनि मतदान केन्द्रमा स्वास्थ्य सम्बन्धी सामग्री राखेको पाइएन ।<br>❖ सुन्दरहैरचा न.पा.-८, सलकपुरको एउटा मतदान केन्द्र स्वास्थ्य केन्द्रमा राखिएको र स्वास्थ्य केन्द्रको कर्मचारी सहितलाई निर्वाचनमा खटाइएको पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी, शौचालय र प्राथमिक उपचारको पर्याप्त व्यवस्था गरिएको पाइएन । |
| ५. | सुनसरी | ❖ असक्त, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरूको लागि मतदान कार्यमा बिशेष व्यबस्था गरेको पाइयो ।<br>❖ निर्वाचनमा खटिएका कर्मचारीहरूले आफु माताधिकारबाट बञ्चित भएको गुनासो गरेको पाइयो ।<br>❖ मतदाता शिक्षा पर्याप्त भएको पाइएन ।<br>❖ केही मतदान केन्द्रमा मतदाताहरू आउन करिब १ घण्टा देखि २ घण्टासम्म लाग्ने कुरा जानकारी प्राप्त |

| | | |
|---|---|---|
| | | भयो ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी, शौचालय र प्राथमिक उपचारको पर्याप्त व्यवस्था गरिएको पाइएन । |
| ६. | धनकुटा | ❖ प्रचार प्रसारमा वालवालिकाको प्रयोग गरेको पाइएन ।<br>❖ मतदाता शिक्षा न्यून रहेको पाईयो ।<br>❖ महिला, अशक्त, जेष्ठनागरिक, सुत्केरी महिलालाई मतदान कार्यमा प्राथमिकतामा राखी विशेष व्यवस्था गरिएको पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी, शौचालय र प्राथमिक उपचारको पर्याप्त व्यवस्था गरिएको पाइएन ।<br>❖ अधिकांश मतदान स्थलहरू बिद्यालयमा रहेको पाइयो । |
| ७. | संखुवासभा | ❖ संखुवासभा जिल्लामा मतदाता शिक्षा मतदान कसरी गर्ने ? भन्नेमा मात्र सिमित रहेको पाइयो ।<br>❖ जिल्लामा धेरै जसो मतदान केन्द्रहरू विद्यालयमा रहेको देखियो ।<br>❖ कतिपय मतदान केन्द्रहरूको क्षेत्र सानो रहेकोले मतदाताहरूलाई लाइनमा बसेर मतदान गर्न कठिनाई भएको पाइयो ।<br>❖ राजनीतिक दलहरूले निर्वाचन आचारसंहिता विपरित राजनीतिक दलको चुनाव चिन्ह अंकित झण्डा, टिसर्ट, क्याप लगायतका सामाग्रिहरू उत्पादन गरी पर्याप्त मात्रामा वितरण गरेको पाईयो ।<br>❖ ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता, गर्भवती तथा सुत्केरी भएका व्यक्तिहरूका लागि छुट्टै लाईनको व्यवस्था गरेको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी, शौचालय र प्राथमिक उपचारको पर्याप्त व्यवस्था गरिएको पाइएन । |
| ८. | तेह्रथुम | ❖ मतदान कार्यमा कसैलाई पनि कुनै किसिमको रोकावट भएको पाइएन ।<br>❖ ज्येष्ठ नागरीक, विरामी, सुत्केरी तथा शारिरीक रूपले कमजोर भएको वर्गलाई मतदानमा प्राथमिकता दिइएको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन । |

| | | |
|---|---|---|
| | | ❖ मतदान केन्द्रहरूमा खानेपानी, शौचालय र प्राथमिक उपचारको पर्याप्त व्यवस्था गरिएको पाइएन ।<br>❖ मतदाता शिक्षाको प्रभावकारी रूपमा संचालन भएको देखिएन । |
| ९. | ताप्लेजुङ | ❖ निर्वाचनको दिन कुनै पनि वर्ग, समुदाय, जातिउपर कहिकतै विभेद भएको पाइएन ।<br>❖ महिला, अशक्त, ज्येष्ठ नागरिक र सुत्केरी महिलाहरूकालागि विशेष व्यवस्था गरिएको पाइयो ।<br>❖ अधिकांश मतदान स्थलहरू बिद्यालयमा तोकिएको पाइयो ।<br>❖ अधिकांश मतदान केन्द्रहरू अपाङ्गमैत्री रहेको पाइएन ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी, शौचालय तथा प्राथमिक उपचारको व्यवस्था गरेको पाइएन ।<br>❖ मतदाता शिक्षाको प्रभावकारिता भएको देखिएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन । |
| १०. | खोटाङ | ❖ मतदानकेन्द्रमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सुत्केरी महिला, अशक्तहरूलाई विशेष व्यवस्था गरी मतदान प्रक्रियामा सहभागिता गराइएको पाइयो ।<br>❖ मतदान केन्दहरूमा खानेपानी र शौचालयको पर्याप्त व्यवस्था भएको पाइएन ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ निर्वाचनको दिन कुनै पनि वर्ग, समुदाय, जातिउपर कहिकतै विभेद भएको पाइएन ।<br>❖ अधिकांश मतदान स्थलहरू बिद्यालयमा तोकिएको थियो । |
| ११. | भोजपुर | ❖ ने.क.पा (विप्लव समुहले) चुनावी सभा तथा चुनाव प्रचार प्रसारमा लागेकालाई लक्षित गरी आक्रमण गर्दा मिति २०७४ कार्तिक २८ गते टयाम्के मैयुर गा.पा- ६ मा प्रदेश सभा सदस्य पदका उम्मेदावार शेरधन राईका अंगरक्षक घाइते भएको बुझियो ।<br>❖ २०७४ कार्तिक ३० गते षडानन्द न.पा १३ को बोयाभिरमा बम विस्फोटन भएको बुझियो । |

| | | |
|---|---|---|
| | | ❖ मंसिर १ गते र २ गते षडानन्द न.पा २ भिर थाप्लोमा र साल्पा सिलीचौरमा बम विस्फोट भई ३ जना घाइते भएको जानकारी प्राप्त भएको ।<br>❖ मतदानस्थलमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सुत्केरी महिला, अशक्तहरूलाई विशेष व्यवस्था गरी मतदान प्रक्रियामा सहभागी गराइएको पाइयो ।<br>❖ निर्वाचनको दिन कुनै पनि वर्ग, समुदाय, जातिउपर कहिकतै विभेद भएको पाइएन ।<br>❖ अधिकांश मतदान स्थलहरू बिद्यालयमा तोकिएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन । |
| १२. | ओखलढुङ्गा | ❖ कुनै पनि जातजाति, धर्म सम्प्रदाय लिङ्ग तथा भाषाका आधारमा भेदभाव भएको पाइएन ।<br>❖ अपाङगता भएका व्यक्ती अशक्त मतदाताहरूको हकमा मतदान स्थल सम्मको पहुँचको लागि विशेष व्यवस्था गरेको पाइएन ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग, गर्भवती तथा सुत्केरी भएका व्यक्तिहरूका लागि मतदानको समयमा विशेष व्यवस्था गरेको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ अधिकांश मतदान स्थलहरू बिद्यालयमा तोकिएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन । |
| १३. | सोलुखुम्बु | ❖ कुनै पनि जातजाति धर्म संम्प्रदाय लिङग भाषाका आधारमा भेदभाव भएको पाइएन ।<br>❖ अपाङगता भएका व्यक्ती अशक्त मतदाताहरूको हकमा मतदान स्थल सम्मको पहुँचको लागि विशेष व्यवस्था गरेको पाइएन ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग, गर्भवती तथा सुत्केरी भएका व्यक्तिहरूका लागि मतदानको समयमा विशेष व्यवस्था गरेको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन । |

| | | |
|---|---|---|
| | | ❖ जिल्लाको तिङला क्षेत्रमा शून्य मतदानको अवस्था रहेको पाइयो । <br> ❖ मतदान केन्दहरूमा खानेपानी र शौचालयको पर्याप्त व्यवस्था भएको पाइएन । |
| १४. | उदयपुर | ❖ मतदान केन्द्रहरूमा खानेपानी तथा शौचालयको पर्याप्त व्यवस्था भएको पाइएन । <br> ❖ ज्येष्ठ नागरिक, विमारी र सुत्केरीहरूका लागि मतदान कार्यमा विशेष ब्यवस्था गरेको पाइयो । <br> ❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन । <br> ❖ अपाङगता भएका व्यक्ती अशक्त मतदाताहरूको हकमा मतदान स्थल सम्मको पहुँचको लागि विशेष व्यवस्था गरेको पाइएन । <br> ❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन । |
| १५. | सिन्धुली | ❖ नेकपा माओवादी विप्लब समूहका कार्यकर्ताहरूले जिल्लाको बिभिन्न स्थानमा बिस्फोटक पर्दाथहरू राखेका कारण राजनीतिक दलका कार्यकर्ताहरूमा डर र त्रासको अवस्था रहेको पाइयो । <br> ❖ मतदान केन्द्रहरूमा ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग, गर्भवती तथा सुत्केरीका लागि छुट्टै लाइनको व्यवस्था गरेको पाईयो भने छुट्टै लाईनको ब्यवस्था नभएको मतदान केन्द्रमा यस्तो व्यक्तिहलाई प्राथमिकता दिइएको पाईयो । <br> ❖ शान्ति सुरक्षा बिथोल्न सक्ने भन्दै नेकपा माओवादी विप्लब समूहका कार्यकर्ताहरू सुनकोसी गाँउपालिका २ निवासी ३१ बर्षिय केदार माझीलाइ ०७४।८।१ गते, हरिहरपुरगढी गाँउपालिका २ निवासी ३० बर्षिय डोरबहादुर राई र ऐ.ऐ ३ निवासी ५० वर्षीय भक्तबहादुर बिकलाई ०७४।८।२ गते, ऐ.ऐ.७ निवासी ३१ वर्षीय सुकबहादुर थिङलाई ०७४।८।६ गते, ऐ.ऐ.७ निवासी १९ वर्षीय नारायणप्रसाद काफ्लेलाई ०७४।८।१४ गते र सुनकोसी गाउपालिका ७ का जुद्धबहादुर विश्वकर्मालाई ०७४।८।६ गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी केही सार्वजनीक अपराध ऐन अर्न्तगत म्याद थप गरी अनुसन्धानको क्रममा हिरासतमा राखेको पाईयो । |

| | | |
|---|---|---|
| | | ❖ मतदाता शिक्षा प्रभावकारी तथा पर्याप्त नभएको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी तथा शौचालयको पर्याप्त व्यवस्था भएको पाइएन ।<br>❖ मतदान केन्द्रहरूमा ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग, गर्भवती तथा सुत्केरीका लागि छुट्टै लाइनको व्यवस्था गरेको पाइयो भने छुट्टै लाईनको ब्यवस्था नभएको मतदान केन्द्रमा यस्ता व्यक्तिहलाई प्राथमिकता दिइएको पाईयो । |
| १६ | रामेछाप | ❖ मतदाता शिक्षा प्रभावकारी तथा पर्याप्त नभएको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ सुनापति गाउँपालिका- २ दिमि पोखरी पानी ट्याङ्की उपस्वास्थ्य चौकी रामेछापमा दलहरूबीच झडप भएको बुझियो ।<br>❖ मतदाता शिक्षा पर्याप्त भएको पाइएन ।<br>❖ मतदाताहरूको लागि शौचालय, खानेपानी तथा प्राथमिक उपचारको पर्याप्त व्यवस्था भएको पाइएन ।<br>❖ मतदान केन्द्रहरूमा ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग, गर्भवती तथा सुत्केरीकाहरूलाई प्राथमिकता दिइएको पाइयो । |
| १७. | काभ्रे | ❖ विद्युतीय माध्यमहरूबाट दलहरूको प्रचार प्रसार गरेको देखियो ।<br>❖ २०७४ मंसीर २० गते मण्डन देउपुर गाउँपालीकामा मतदानकेन्द्रबाट करिव ३०० मिटरको दूरीमा विष्फोटक पदार्थ नभएको सकेट भेटियो ।<br>❖ मतदाता शिक्षा कार्यक्रमहरू प्रभावकारी भएको पाइएन ।<br>❖ कतिपय व्यक्तिहरूको सूचीमा नाम भएपनि परिचयपत्र नभएको कारण मतदान गर्नबाट बन्चित भएको पाइयो । खाशगरी पाँचखाल नगरपालीका वडा नं. ५ मा यो समस्या बढी भएको पाइयो । उक्त इलाकाका धेरै व्यक्तिहरू ईटाभट्टामा काम गर्ने गरेको बुझियो । ***ईटा भट्टाले उनीहरूको नागरिकता राख्ने गरेको कारण कुनै पनि परिचयपत्र उनीहरूको साथमा थिएन ।*** यसका साथै निर्वाचन आयोगले उपलव्ध गराएको नामावली मध्ये पूरानो नामावलीमा नाम र क्रमसंख्या दुवै भएको र पछिल्लो पटक उपलव्ध गराएको नामावलीमा क्रमसंख्या |

| | | |
|---|---|---|
| | | नभएको कारण मतदान प्रकृयामा विलम्वता आएको मूख्य निर्वाचन अधिकृत अर्जुन अधिकारीले बताउनु भएको थियो ।<br>❖ अनुगमन गरिएका धुलीखेल नगरपालीकाको पूर्ण सञ्जीवनी मा.वि. मतदानकेन्द्र, पञ्चकन्या प्रा.वि. मतदानकेन्द्र मानव अधिकारमैत्री थिएनन् ।<br>❖ मतदान स्थलहरूमा अपांगता भएका व्यक्तिहरूको लागि उचित व्यवस्था भएको पाइएन । |
| १८ | सिन्धुपाल्चोक | ❖ विद्युतीय माध्महरूबाट विभिन्न दलहरूको प्रचार प्रसार गरेको देखियो ।<br>❖ सुनकोशी गाउँपालीका वडा नं. ६ पांग्रेटारका स्थानीय एमाले कार्यकर्ताहरू नानीराम तिमल्सीना र थरी तिमल्सिनालाई प्रहरलि २०७४।८।८ मा पक्राउ गरेको, उनीहरूलाई नेपाली कांग्रेसका कार्यकर्ताहरूसँग झडप गरेको आरोपमा पक्राउ गरिएको सूचना प्राप्त भयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ लिसंखु पाखर गाउँपालीकाको एक मतदान केन्द्रमा पठाइएको मतपेटीका चर्केको अवस्थामा रहेको सूचना पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा शौचालय र पिउने पानीको अभाव देखिएको थियो ।<br>❖ ने.क.पा. (माओवादी) नेत्रविक्रम चन्द नेतृत्वका २ जना कार्यकर्ताहरूलाई बम विष्फोट गरेको आरोप लगाइ हिरासतमा राखेको पाइयो ।<br>❖ मतदान स्थलहरूमा अपांगता भएका व्यक्तिहरूको लागि उचित व्यवस्था भएको पाइएन । |
| १९. | काठमाडौं | ❖ असक्त, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरूको लागि लाइमा बस्नु नपर्ने व्यवस्था गरेको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ ज्येष्ठ नागरिकहरूमा मतदानप्रति सकारात्मक सचेतना बढेको पाइयो । रत्नराज्य विद्यालय, क, बानेश्वर मतदान केन्द्रमा मत खसाल्नु हुने ज्येष्ठ नागरिकहरूमा ९६ वर्षीय श्री त्रिलोक सिद्धि थापा तथा वहाँकी धर्मपत्नी ९० वर्षीया श्रीमती विद्याश्री ठकुराइन भेटिनु भएको थियो ।<br>❖ मतदान कार्य समयमा सुरु भएको पाइएन । |

| | | |
|---|---|---|
| | | ❖ निर्वाचन स्थलमा निर्वाचन मैत्री संरचना भएको पाइएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ निर्वाचनमा खटिएका कर्मचारीहरूको मताधिकारको सम्मान हुन सकेको देखिएन ।<br>❖ सामुदायिक स्वास्थ्य क्लिनिक स्थित मतदान केन्द्रमा १०३ वर्षकी भुपाल लक्ष्मी प्रधानले मतदान गरेको देखिएबाट मतदानको अधिकारप्रति ज्येष्ठ नागरिकहरू समेत सचेत रहेको देखियो ।<br>❖ भी.एस. निकेतन बानेश्वरस्थित केन्द्रमा सम्पूर्ण कर्मचारीहरू महिलामा मात्रै खटिएको र सो स्थान निकै व्यवस्थित समेत भएको पाइयो ।<br>❖ टोखाको सरस्वती मा.वि. केन्द्रमा मतदाताको चाप वढी रहेको, एकजना मतदाता लाइन वस्दावस्दै ढलेको भन्ने समेत पाइयो ।<br>❖ मतदान कार्यमा खटिने कर्मचारी,पर्यवेक्षक,प्रतिनिधिको अलग-अलग पहिचान हुने गरी व्यवस्था गरेको पाइएन ।<br>❖ साविक गा.वि.स भवन, चपली, बुढानिलकण्ठ नगरपालिका, प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं ४ र प्रदेश सभा निर्वाचन क्षेत्र नं २ मतदान स्थलमा एक जना चन्द्र बहादुर कुँवर भन्ने ७० बर्षको ज्येष्ठ नागरिकले आफूले एउटा मात्र मतपत्रमा मत खसाली बाहिर निस्केको अन्य मतपत्रमा मत खसाल्न पर्ने बारेमा थाहा नभएको भन्ने गुनासो गरेको पाइयो ।<br>❖ अपाङ्ग,ज्येष्ठ नागरिक,विरामी,सुत्केरीका लागि मतदान का दिन यातायातको विशेष व्यवस्था गरेको पाइएन ।<br>❖ मतदान कार्यमा यान्त्रिक प्रविधिको उपयोग हुन सकेको देखिएन । |
| २० | ललितपुर | ❖ निर्वाचन बहिष्कार गर्ने पक्षबाट चुनाव बिथोल्नको लागि वम राखेको हल्लाले भक्तपुरको वालकोट एरियामा सुरक्षाकर्मीको व्यापक परिचालन गरेको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी तथा पर्याप्त नभएको पाइयो ।<br>❖ अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी अवस्थाका महिला तथा जेष्ठ नागरिकहरू तथा अशक्त व्यक्तिहरू मैत्री मतदान केन्द्र भएको पाइएन । तर |

| | | |
|---|---|---|
| | | अपाङ्गता भएका व्यक्तिको लागि लाइनमा प्राथमिकता दिने गरेको पाइयो ।<br>❖ महिला, दलित, आदिबासी जनजाति, अल्पसंख्यक, लैगिङ्क अल्पसंख्यक, अपाङ्ग वा धार्मिक समुदाय आदि भएकै कारणबाट कसैले मतदानबाट बञ्चित हुनुपरेका पाइएन ।<br>❖ मतदान केन्द्रहरूमा शौचालय र पिउने पानीको पर्याप्त व्यवस्था भएको पाइएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन । |
| २१ | भक्तपुर | ❖ असक्त, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरूको लागि लाइमा बस्नु नपर्ने व्यवस्था गरेको पाइयो ।<br>❖ सुरक्षा प्रवन्ध चुस्त दुरुस्त राख्न सुरक्षा निकायहरू बीचमा समन्वय तथा सहकार्य भैरहेको भन्ने पाइयो ।<br>❖ मतदाता शिक्षा नपुगेको गुनासो सुनियो ।<br>❖ मतदाता परिचयपत्रको क्रमसंख्या उपलब्ध गराइएको अभिलेखसित नमिलेको-नभिडेको पाइयो । टोलीले क्रमसंख्या नभएको परिचयपत्र र क्रमसंख्याअनुसार सूचि नमिलेको वस्तुगत प्रमाणको तस्विर पनि उतार गरिएको छ ।<br>❖ अधिकांश मतदान केन्द्र अपाङ्गमैत्री देखिएन ।<br>❖ मतदान केन्द्रहरूमा शौचालय र पिउने पानीको पर्याप्त व्यवस्था भएको पाइएन ।<br>❖ बालकोटमा केही समूहमा आएका व्यक्तिहरूले ढुङ्गामुढा गर्दा ३ जना व्यक्तिहरू घाइते भएको पाइयो । तत्काल प्रहरीहरूको उपस्थिति भएको र आक्रमणमा उत्रेका व्यक्तिहरू त्यहाँबाट भागेका कारण घटनाले ठूलो रूप लिन नपाएको भन्ने स्थानीयवासीबाट जानकारी पाइयो । |
| २२ | धादिङ | ❖ मतदान केन्द्रहरूमा ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरीहरूका लागि विशेष व्यवस्था गरेको पाइयो ।<br>❖ केही मतदान केन्द्रहरू अपाङ्गता भएका व्यक्तिहरूको लागि सहज पहुँचयुक्त नभएको पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा शौचालय र खानेपानीको पर्याप्तता देखिएन । |

| | | |
|---|---|---|
| | | ❖ मतदाता शिक्षाका लागि स्थानिय एफ.एम बाट निर्वाचन आयोगले दिएको जिङ्गल बजाएको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ मतदान कार्यमा विभेद रहेको पाइएन । |
| २३ | दोलखा | ❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग गरेको पाइएन ।<br>❖ अपाङ्गता भएका व्यक्तिको लागि मतदान केन्द्रसम्म लाने विशेष व्यवस्था नभएको तर लाइनमा प्राथमिकता दिने गरेको पाइयो ।<br>❖ मतदानको दिन मतदाताको लागि शौचालय, पानीको पर्याप्त व्यवस्था भएको पाइएन ।<br>❖ मतदान केन्द्र, विद्यालय, गाउँपालिका र स्वास्थ्य चौकी भवनमा संचालन गरिएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन । |
| २४ | नुवाकोट | ❖ नुवाकोट जिल्लामा दुई वटा मात्र मतदान स्थल अपांगमैत्री बनाएको जिल्ला निर्वाचन कार्यालयबाट जानकारी पाइयो ।<br>❖ मतदाता शिक्षाको कमी रहेको पाइयो ।<br>❖ मतदान केन्द्रहरूको दुरी टाढाटाढा हुदा मतदाताहरूलाई कठिनाई भएको भनने बुझियो ।<br>❖ गर्भवती तथा सुत्केरी महिला, अपाङ्ग, असाय, विरामी, बृद्धबद्धाहरूलाई प्राथमिकता दिई मतदान गर्न दिने व्यवस्था मिलाइएको पाइयो ।<br>❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग गरेको पाइएन । |
| २५ | रसुवा | ❖ मतदान केन्दसम्म आउन १ घण्टासम्म हिडेर आउनु पर्ने अवस्था रहेको पाइयो ।<br>❖ काँग्रेस उम्मेद्वार मोहन आचार्यको घर नजिक सुतली बम राखिएको र सो सुरक्षाकर्मीले निस्क्रिय पारेको भन्ने बुझियो ।<br>❖ मतदाता शिक्षको लागि विनियोजित बजेट खर्च भए पनि उपलब्धी सन्तोषजनक रहेको पाइएन ।<br>❖ प्राय: मतदान केन्द्रहरू अपाङगमैत्री भएको पाइएन ।<br>❖ मतदान केन्द्रहरूमा शौचालय तथा खानेपानीको पर्याप्त व्यवस्था भएको पाइएन । |

| | | |
|---|---|---|
| | | ❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग गरेको पाइएन ।<br>❖ अपाङ्ग, ज्येष्ठ नागरिकहरूको लागि मतदान कार्यमा प्राथमिकता दिइएको पाइयो । |
| २६ | मकवानपुर | ❖ मतदान केन्द्रमा ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता, गर्भवती तथा सुत्केरी भएका व्यक्तिहरूका लागि लाइन बस्न नपर्ने गरी प्राथमिकता दिइएको पाइयो ।<br>❖ महिला, दलित, मधेसी, आदिबासी जनजाति, अल्पसंख्यक, अपाङ्ग वा धार्मिक समुदाय आदि भएकै कारणबाट कसैले मतदानबाट वञ्चित हुनुपरेको पाइएन ।<br>❖ नवलपुरमा मतपेटिका लाने क्रममा मतपेटिका लगेको गाडी पार गरिसकेपछि सामान्य बम पड्किएको तर केही भौतिक तथा मानविय क्षति नभएको भन्ने जानकारी पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा शौचालय तथा खानेपानीको पर्याप्त व्यवस्था भएको पाइएन ।<br>❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग गरेको पाइएन । |
| २७ | चितवन | ❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग न्यून मात्रामा भएको जानकारी पाइयो ।<br>❖ निर्वाचनको प्रचार प्रसार गर्न र आफ्नो पक्षमा मत माग्न कुनै पनि उम्मेद्वार तथा व्यक्तिलाई अवरोध नभएको पाइयो ।<br>❖ ने.क.पा. माओवादी (विप्लव) का कार्यकर्ताहरूले निर्वाचन विरोधी क्रियाकलाप गरेको अवस्थामा २६ जनालाई पक्राउ गरिएको जानकारी पाइयो ।<br>❖ जेष्ठ नागरिक, सुत्केरी, विरामी र अपाङ्गता भएका व्यक्तिहरूका लागि निर्वाचनका दिन आवागमन सहज बनाउन स्थान अनुसार प्रयास भएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी नभएको गुनासो पाइयो ।<br>❖ अधिकांश मतदान स्थलमा खानेपानी र शौचालयको उचित व्यवस्थापन नभएको पाइयो । |

| | | |
|---|---|---|
| | | ❖ निर्वाचन पर्यवेक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको उपस्थिति रहेको, अधिकांश पर्यवेक्षक सदरमुकाम केन्द्रीत रहेको देखियो । |
| २८ | कास्की | ❖ सार्वजनिक सवारी साधन नचल्दा मतदाताहरू मतदान स्थल सम्म जानका लागि कठिनाई भएको पाइयो ।<br>❖ मतदाता शिक्षा पर्याप्त नभएको पाइयो ।<br>❖ अपाङ्ग, गर्भवती महिला, जेष्ठ नागरिक लगायतलाई लाइनमा नबसी तत्काल मतदान गर्न सक्ने व्यवस्था मिलाइएको जानकारी पाइयो ।<br>❖ खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको व्यवस्था रहेको देखियो ।<br>❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग गरेको पाइएन । |
| २९ | गोरखा | ❖ निर्वाचन शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ जेष्ठनागरिक ,असक्त ,अपाङ्ग ,सुतकेरी लगायतका व्यक्तिहरूको लागि मतदानको समयमा विशेष व्यवस्था गरेको पाइयो ।<br>❖ मंसिर १० मा गण्डकी गाउपालिका वडा नं. ४ फुजेलमा कालिका आधारभुत विद्यालयको मतदान केन्द्र नजिकै विहान मतदान सुरुहुनभन्दा एक घण्टा अगाडी २ वटा वम विष्फोट भएको तर वम विष्फेटनवाट कुनै पनि मानविय तथा भौतिक क्षती नभएको पाइयो ।<br>❖ खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको व्यवस्था रहेको देखियो ।<br>❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग गरेको पाइएन । |
| ३० | तनहु | ❖ कांग्रेस नेता प्रदिप पौडेलको तनहुँ स्थित घरमा २०७४ मंसिर १६ गते शनिवार वम विस्फोट भएको तर वम विस्फोटनवाट कुनै पनि मानवीय तथा भौतिक क्षति नभएको जिल्ला प्रहरी कार्यालय तनहुबाट जानकारी पाइयो । |

| | | |
|---|---|---|
| | | ❖ कांग्रेसका नेता रामचन्द्र पौडेललाई लक्षित गरी उहाँ चढेको जीपमा २०७४ मंसीर २ गते वम प्रहार भएको, सो क्रममा एक जना प्रहरी घाईते भएको जिल्ला प्रहरी कार्यालयवाट जानकारी पाइयो ।<br>❖ दमौलीको महर्षि वेदव्यास संस्कृत मा.वि. मतदान केन्द्रमा सवै महिला कर्मचारीहरूको नेतृत्वमा महिला कर्मचारीहरूले निर्वाचन सम्पन्न गराइएको पाइयो ।<br>❖ निर्वाचनको क्रममा वालवालिकाहरूको प्रयोग गरिएको पाइएन ।<br>❖ निर्वाचन शिक्षा प्रभावकारी नभएको गुनासो पाइयो ।<br>❖ निर्वाचनको क्रममा जेष्ठनागरिक ,असक्त,विरामी ,सुत्केरी महिला लगायतकोलागि विशेष व्यवस्था गरेको पाइयो ।<br>❖ खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पर्याप्त व्यवस्था रहेको पाइएन । |
| **३१** | लमजुङ | ❖ सार्वजनिक सवारी साधन नचल्दा मतदाताहरू मतदान स्थल सम्म जानका लागि कठिनाई भएको पाइयो ।<br>❖ मतदाता शिक्षा पर्याप्त नभएको पाइयो ।<br>❖ अपाङ्ग, गर्भवती महिला, जेष्ठ नागरिक लगायतलाई लाइनमा नबसी तत्काल मतदान गर्न सक्ने व्यवस्था मिलाइएको जानकारी पाइयो ।<br>❖ खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको व्यवस्था रहेको देखियो ।<br>❖ निर्वाचन प्रचारप्रसारको कममा बालबालिकाको प्रयोग गरेको पाइएन । |
| ३२ | स्याङ्जा | ❖ निर्वाचनमा भाग लिएका उम्मेदवार वा दलहरूले चुनाव प्रचार प्रसारको क्रममा कसैको निजी घर, कम्पाउण्ड, पसल आदिको जबरजस्ति प्रयोग नगरेको पाइयो ।<br>❖ सार्वजनिक सवारी साधन नचल्दा मतदाताहरू मतदान स्थल सम्म जानका लागि कठिनाई भएको पाइयो ।<br>❖ मतदाता शिक्षा पर्याप्त नभएको पाइयो ।<br>❖ अपाङ्ग, गर्भवती महिला, जेष्ठ नागरिक लगायतलाई लाइनमा नबसी तत्काल मतदान गर्न सक्ने व्यवस्था मिलाइएको जानकारी पाइयो । |

| | | |
|---|---|---|
| | | ❖ खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको व्यवस्था रहेको देखियो । |
| ३३ | बाग्लुङ | ❖ ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता, गर्भवती तथा सुत्केरी भएका व्यक्तिहरूका लागि छुट्टै लाइनको व्यवस्था गरेको पाइयो ।<br>❖ प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग केही मात्रामा भएको पाइयो ।<br>❖ मतदाताको लाइनमा महिला र जेष्ठ नागरिकहरूको संख्या उल्लेख्य र उत्साहजनक रहेको पाइयो ।<br>❖ खानेपानी, शौचालय तथा प्राथमिक स्वास्थ्य सेवाको पर्याप्त व्यवथा भएको पाइएन ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन । |
| ३४ | पर्वत | ❖ सार्वजनिक सवारी साधन नचल्दा मतदाताहरू मतदान स्थल सम्म जानका लागि कठिनाई भएको पाइयो ।<br>❖ मतदाता शिक्षा पर्याप्त नभएको पाइयो ।<br>❖ अपाङ्ग, गर्भवती महिला, जेष्ठ नागरिक लगायतलाई लाइनमा नबसी तत्काल मतदान गर्न सक्ने व्यवस्था मिलाइएको जानकारी पाइयो ।<br>❖ खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पर्याप्त व्यवस्था रहेको देखिएन ।<br>❖ निर्वाचन प्रचारप्रसारको कममा बालबालिकाको प्रयोग गरेको पाइएन ।<br>❖ मौन समयमा काङ्ग्रेसका कार्यकर्ताले पैसा बाडेर मतदाता भड्काउन खोजेको आरोपमा बामगठबन्धनका कार्यकर्ताले कुश्मा न.पा. –१२, माटेपानीमा काङ्ग्रेसका कार्यकर्ता अर्जुन खनाललाई कुटपिट गरेको जानकारी पाइयो । |
| ३५ | म्याग्दी | ❖ ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता, गर्भवती तथा सुत्केरी भएका व्यक्तिहरूका लागि छुट्टै लाइनको व्यवस्था गरेको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ मतदाताको लाइनमा महिला र जेष्ठ नागरिकहरूको संख्या उल्लेख्य र उत्साहजनक रहेको पाइयो । |

| | | |
|---|---|---|
| | | ❖ क्रियापुत्रीहरूले पनि मतदानमा भाग लिएको पाइयो ।<br>❖ खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पर्याप्त व्यवस्था रहेको देखिएन ।<br>❖ सार्वजनिक सवारी साधन नचल्दा मतदाताहरू मतदान स्थलसम्म जानका लागि कठिनाई भएको पाइयो । |
| ३६ | मनाङ | ❖ ज्येष्ठ नागरिक, विरामी, सुत्केरी तथा शारिरीक अवस्था कमजोर भएकालाई मतदानमा प्राथमिकता दिइएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ केही मतदान स्थलमा पिउने पानी र शौचलयको व्यबस्था मिलाएको देखिएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ सार्वजनिक सवारी साधन नचल्दा मतदाताहरूलाई कठिनाई भएको पाइयो । |
| ३७ | मुस्ताङ | ❖ विरामी, सुत्केरी,ज्येष्ठ नागरिक तथा शारिरीक अवस्था कमजोर भएकालाई मतदानमा प्राथमिकता दिइएको पाइयो ।<br>❖ शिक्षाको कमिले गर्दा धेरै मतदाताहरूले मतदान गर्न नजानेको देखियो ।<br>❖ केही मतदान स्थलमा पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ प्राय मतदान केन्द्रहरू अपाङ्गमैत्री भएको पाइएन । |
| ३८ | रूपन्देही | ❖ उम्मेदवार/दलहरूले शान्तिपूर्ण ढंगले प्रचार प्रसार गरेको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको देखिएन ।<br>❖ निर्वाचनको क्रममा राजनीतिक दलहरूले बालबालिकाको प्रयोग गरेको पाइएन ।<br>❖ महिला, दलित, मेधशी आदिवासी जनजाति, अलसख्यक, अपांग वा धार्मिक समुदाय आदि भएकै कारणबाट कोहीपनि मताधिकारबाट वन्चित हुन परेको पाइएन । |

| | | |
|---|---|---|
| | | ❖ अशक्त, ज्येष्ठ नागरिक, विरामी, गर्भवती, सुत्केरी, दृष्टिविहिनहरूलाई मतदान स्थलसम्म ल्याउनका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयले दलहरूलाई गाडीको पासको व्यवस्था मिलाएको हुनाले घरबाट मतदान स्थलसम्म गाडीहरूले ल्याउने कार्य गरेको पाइयो ।<br>❖ केही मतदान स्थलमा पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन । |
| ३९ | कपिलबस्तु | ❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ अपांग, फरक क्षमता भएका ब्यक्ति, जेष्ठ नागरिक, असक्त तथा बिरामी मतदाताहरूलाई बिना लाइन मतदान गर्ने व्यवस्था गरेको पाइयो ।<br>❖ शिवपुर नगरपालिका वडा नं. ३, चनई मदवा स्थित लोवर सेकेन्डरी स्कुलको पश्चिमतर्फ रहेको नजिकैको बाटोमा राति तिन पटक बम विष्पोट भए पनि मानवीय क्षति नभएको बुझियो ।<br>❖ मतदान गर्न मतदाताहरू १ किलो मिटर देखि ४ किलो मिटर सम्म हिडेर मतदान गर्न आउनु पर्ने अवस्था पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ प्राय मतदान केन्द्रहरू अपाङ्गमैत्री भएको पाइएन । |
| ४० | नवलपरासी पूर्व | ❖ प्रतिनिधि सभा सदस्य पदका ने.क.पा ऐमाले का उम्मेदवार तिलक महतको घरमा बम विस्फोट भएको भए पनि मानवीय क्षति नभएको बुझियो ।<br>❖ स्थानीय थारु र मगर भाषामा मतदाता शिक्षासम्बन्धी सामग्री उपलब्ध रहेको पाइयो ।<br>❖ मध्यविन्दु न.पा.को चोरमारामा काँग्रेस र बाम गठबन्धन विच झडप हुदा ३ जना घाइते भएको जानकारी पाइयो ।<br>❖ अपाङ्गता, जेष्ठ नागरिक, सुत्केरी, गर्भवतिहरूका लागि विशेष व्यवस्था गरेको पाइयो । |

| | | |
|---|---|---|
| | | ❖ मतदानको दिन शौचालय र खानेपानीको व्यवस्था पर्याप्त मात्रामा गरेको पाइएन ।<br>❖ महिला, दलित, आदिबासी जनजाति, अल्पसंख्यक, लैगिङ्क अल्पसंख्यक, अपाङ्ग वा धार्मिक समुदाय आदि भएकै कारणबाट कसैले मतदानबाट बञ्चित हुनुपरेका पाइएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ प्राय मतदान केन्द्रहरू अपाङ्गमैत्री भएको पाइएन । |
| ४१ | नवलपरासी पश्चिम | ❖ स्थानीय भाषाहरूमा मतदाता शिक्षा सम्बन्धी सामग्री उपलब्ध रहेको पाइयो ।<br>❖ अपाङ्गता, जेष्ठ नागरिक, सुत्केरी, गर्भवतिहरूका लागि विशेष व्यवस्था गरेको पाइयो ।<br>❖ मतदानको दिन शौचालय र खानेपानीको व्यवस्था पर्याप्त मात्रामा गरेको पाइएन ।<br>❖ महिला, दलित, आदिबासी जनजाति, अल्पसंख्यक, लैगिङ्क अल्पसंख्यक, अपाङ्ग वा धार्मिक समुदाय आदि भएकै कारणबाट कसैले मतदानबाट बञ्चित हुनुपरेका पाइएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ प्राय मतदान केन्द्रहरू अपाङ्गमैत्री भएको पाइएन । |
| ४२ | गुल्मी | ❖ रेसुङ्गा न.पा. को बालकाटे भन्ने ठाउँमा १९ गते बेलुका काग्रेस र एमाले बीच झडप हदा ४- ४ जना घाइते भएका, काग्रेस तर्फकालाई बढी चोट लागेको पाइयो ।<br>❖ उम्मेदवारहरूले स्वतन्त्र रूपमा प्रचार प्रसार गरेको पाइयो । उम्मेदवारको सुरक्षा व्यवस्था राम्रो रहेको पाइयो । उम्मेदवारहरूले कुनै प्रकारको डर, घम्की दिने तथा धर्म भड्काउने जस्ता कार्य नगरेको पाइयो ।<br>❖ मतदाता शिक्षाको कमी भएको पाइयो ।<br>❖ पर्यवेक्षकहरूको उपस्थिति न्यून रहेको पाइयो ।<br>❖ मतदान केन्द्र भौगोलिक रूपमा टाढा रहेको पाइयो ।<br>❖ ज्येष्ठ नागरिक, महिला, अपाङ्ग, अशक्त तथा दृष्टि |

| | | |
|---|---|---|
| | | विहिन लगायतलाई मतदान गर्नको लागि प्राथमिकता दिए पनि धेरै ठाउँमा छुट्टै लाइनको व्यवस्था थिएन । |
| ४३ | अर्घाखाची | ❖ निर्वाचन बहिस्कार गर्दै आन्दोलन गरिरहेको विप्लव माओवादीका ११ जना कार्यकर्ता नियन्त्रणमा लिईएकोमा १० जनालाई सार्वजनिक अपराध र सजाय ऐन अन्तर्गत र १ जनालाई हातहतियार खरखजाना अन्तर्गत राखिएको पाइयो ।<br>❖ विद्यालयहरूमा मतदान केन्द्र बनाइदा र शिक्षकहरूलाई मतदानको लागि खटाइदा वालवालिकाहरू पठनपाठनवाट प्रभावित रहेको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रर्याप्त मात्रामा पुग्न सकेको अवस्था देखिएन ।<br>❖ केही मतदानकेन्द्रहरूमा खानेपानी र शौचालयको व्यवस्था ठीकै रहेको, स्वास्थ्य सेवाको व्यवस्था नभएको पाइयो ।<br>❖ जेष्ठ नागरिक, सुत्केरी, गर्भवती महिला, अपाङ्गता भएका व्यक्तिहरूकाको लागि लाइनमा बस्न नपर्ने व्यवस्था गरिएको पाइयो । |
| ४४ | पाल्पा | ❖ मतदानको दिन महिला, ज्येष्ठ नागरिक, विमारी, सुत्केरीलाई विशेष प्रवन्ध मिलाएको पाइयो ।<br>❖ मतदाताहरू ४ घण्टा सम्म पैदल हिडेर मतदानस्थल पुगेको पाइयो । विरामी तथा अशक्तहरूलाई बोकेर मतदानस्थल सम्म ल्याएको पाइयो,<br>❖ रिब्दीकोट गाउँपालिका वडा नं. ७ कालिका मा.वि. बतासे मतदानस्थलमा १०२ वर्षिय लिला कुमारी गैरको शवसहित मलामीहरूले मताधिकारको प्रयोग गरेको पाइयो ।<br>❖ मतदाता शिक्षाको कमी भएको पाइयो ।<br>❖ केही मतदानकेन्द्रहरूमा खानेपानी र शौचालयको व्यवस्था ठीकै रहेको, स्वास्थ्य सेवाको व्यवस्था नभएको पाइयो ।<br>❖ विद्यालयहरूमा मतदान केन्द्र बनाइदा वालवालिकाहरू पठनपाठनवाट वञ्चित भएको पाइयो । |

| | | |
|---|---|---|
| ४५ | बर्दिया | ❖ बढैयातालका पूर्व ने.का. जिल्ला कोषाध्यक्ष नेत्र रानाभाटलाई वामगठबन्धनका कार्यकर्ताहरूले पैसाबाँडेको आरोपमा मंसिर १९ गते बन्धक बनाएको र उद्धार गर्ने क्रममा प्रहरीले २ राउण्ड हवाई फायर गरेको इलाका प्रहरी कार्यालय मैनापोखराबाट जानकारी पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ निर्वाचनमा स्वास्थ्यकर्मी खटाइँदा आमनागरिकको स्वास्थ्यको अधिकार प्रभावित भएको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग गरेको देखिएन ।<br>❖ प्रायः मतदान केन्द्रहरू अपाङ्गमैत्री भएको पाइएन ।<br>❖ मतदान केन्द्रहरूमा खानेपानी र शौचालयको पर्याप्त व्यवस्था भएको पाइएन । |
| ४६ | बाँके | ❖ दलहरूको सभा सम्मेलनको कारण सर्वसाधारणलाई आवतजावतका कठिनाई भएको पाइयो ।<br>❖ केही मतदानकेन्द्रहरूमा खानेपानी र शौचालयको व्यवस्था ठीकै भए पनि प्राथमिक स्वास्थ्य सेवाको व्यवस्था नभएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ आमसभाहरू तथा जुलुसमा बालबालिकाको प्रयोग न्यून भएको पाइयो ।<br>❖ ज्येष्ठ नागरिक, महिला, अपाङ्ग, अशक्त तथा दृष्टि विहिन लगायतलाई मतदान गर्नको लागि प्राथमिकता दिए पनि धेरै ठाउँमा छुट्टै लाइनको व्यवस्था गरेको पाइएन । |
| ४७ | दाङ | ❖ मसिर ११ गते नेपाली काँग्रेसका उम्मेदवार भरतबहादुर बस्नेत चढेको गाडीलाई लक्षित गरेर तुल्सीपुर उमनपा १९ छिल्लीकोटमा अज्ञात समूहबाट बम विस्फोट भएको, भौतिक तथा मानवीय क्षति भने नभएको जानकारी पाइयो ।<br>❖ मंसिर १२ गते नेपाली काँग्रसको चुनावी सभालाई सम्बोधन गर्न प्रधानमन्त्री शेरबहादुर देउवा सहभागी तुल्सीपुरचोकको कार्यक्रममा बम विस्फोट भई ८ जना घाइते भएको । उक्त घटनामा घाइते भएका म्यादी प्रहरी विनोद चौधरीको मंसिर १३ गते कोहलपुर |

| | | |
|---|---|---|
| | | मेडिकलकलेजमा मृत्यु भएको जानकारी पाइयो ।<br>❖ मतदाता शिक्षा पर्याप्त नभएको पाइयो ।<br>❖ अधिकांश मतदान केन्द्रहरू अपाङ्गमैत्री रहेको पाइएन ।<br>❖ मतदाताहरू ४ देखि ५ घण्टासम्म पैदल हिंडेर मतदान गर्न आएको पाइयो ।<br>❖ आमसभाहरू तथा जुलुसमा बालबालिकाको प्रयोग न्यून भएको पाइयो । |
| ४८ | रोल्पा | ❖ मतदाताहरूमा रोल्पा जिल्लामा महिलाहरूको संख्या बढी रहेको पाइयो, जेष्ठ नागरिकहरूको संख्या पनि उल्लेख्य पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा शौचालय र खानेपानीको व्यबस्था भएको पाइएन ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ आमसभाहरू तथा जुलुसमा बालबालिकाको प्रयोग न्यून भएको पाइयो ।<br>❖ अधिकांश मतदान केन्द्रहरू अपाङ्गमैत्री रहेको पाइएन । |
| ४९ | रुकुम पूर्व | ❖ अपाङ्गता भएका व्यक्तिको लागि मतदान केन्द्रसम्म लाने विशेष व्यवस्था केही नभएको तर लाइनमा प्राथमिकता दिने गरेको पाइयो ।<br>❖ मतदानको दिन मतदाताको लागि शौचालय, खानेपानीको व्यवस्था गरिएता पनि प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गरेको पाइएन ।<br>❖ मतदान केन्द्र, विद्यालय, गाउँपालिका र स्वास्थ्य चौकी भवनमा संचालन गरिएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ आमसभाहरू तथा जुलुसमा बालबालिकाको प्रयोग न्यून भएको पाइयो । |
| ५० | रुकुम पश्चिम | ❖ आमसभाहरूमा बालबालिकाको प्रयोग भएको पाइएन ।<br>❖ अपाङ्गता भएका व्यक्तिको लागि मतदान केन्द्रसम्म लाने विशेष व्यवस्था भएको पाइएन ।<br>❖ मतदाताको लागि शौचालय र खानेपानीको पर्याप्त व्यवस्था भएको पाइएन । |

| | | |
|---|---|---|
| | | ❖ मतदान केन्द्र, विद्यालय, गाउँपालिका र स्वास्थ्य चौकी भवनमा संचालन गरिएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन । |
| ५१ | प्यूठान | ❖ जेष्ठ नागरिक, अपाङ्ग, अशक्त, सुत्केरी, क्रियापुत्रीलाई मतदान कार्यमा प्राथमिकता दिएको पाइयो ।<br>❖ निर्वाचन विथोल्ने ने.क.पा.माओखादी (विप्लव समूह) का कार्यकर्ता १३ जनालाई थुनामा राखिएको पाइयो ।<br>❖ प्रचार प्रसार र आम सभा लगायतका कार्यक्रमहरू शान्तिपूर्वक रूपमा सञ्चालन गरिएको पाइयो ।<br>❖ मतदाताको लागि शौचालय र खानेपानीको पर्याप्त व्यवस्था भएको पाइएन ।<br>❖ मतदान केन्द्र, विद्यालय, गाउँपालिका र स्वास्थ्य चौकी भवनमा संचालन गरिएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन । |
| ५२ | सुर्खेत | ❖ प्रचार प्रसार र आम सभा लगायतका कार्यक्रमहरू शान्तिपूर्वक रूपमा सञ्चालन गरिएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी नभएको पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा महिला, बृद्ध बृद्धा र अपाङ्गहरूको लागि विशेष व्यवस्था गरिएको पाइयो ।<br>❖ जुलुस र आमसभामा बालबालिकाहरूको प्रयोग भएको पाइएन ।<br>❖ मतदानको दिन मतदाताको लागि शौचालय, खानेपानीको व्यवस्था गरिएता पनि प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गरेको पाइएन । |
| ५३ | जुम्ला | ❖ हिंमा गाउँपालिकाको रनुखानामा गाउँमा केहि ब्यक्तिले निर्वाचन शिक्षा सामाग्री जफत गरी नष्ट गरेको बुझियो ।<br>❖ प्रचारप्रसार कार्यक्रम शान्तिपूर्वक रूपमा सञ्चालन गरिएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी नभएको पाइयो ।<br>❖ मतदान केन्द्रहरूमा महिला, बृद्ध बृद्धा र अपाङ्गहरूको लागि विशेष व्यवस्था गरिएको पाइयो ।<br>❖ जुलुस र आमसभामा बालबालिकाहरूको प्रयोग भएको पाइएन । |

| | | |
|---|---|---|
| | | ❖ मतदाताहरूलाई कतिपय मतदानस्थलहरूमा पुग्न १ दिन भन्दा बढी समय लाग्ने अवस्था रहेको पाइयो । |
| ५४ | मुगु | ❖ खत्याड गाउपालिका मा रहेको नेपाल राष्ट्रिय नि.मा.बि जिउकामा मतदान केन्द्र बाहिर खुकुरी प्रहार हुदा ८ बर्षे बालक घाईते भएको पाइयो ।<br>❖ नेपाल राष्ट्रिय आधारभुत बिद्यालय धैनकोटमा मतपेटिकासहित फर्केको टोली जगतमाला मा.बि धैन पुग्दा स्थानीयहरूबाट मतदान पेटीका लिएर आएको टोली माथी ढुङ्गा तथा दाउरा प्रहार हुदा सशस्त्र प्रहरी निरिक्षक बिष्णु अर्यालको निधारमा र खुट्टामा, ,जनपदका प्रहरी सहायक निरिक्षक को दाउराले टाउकोमा तथा अन्य ३ जना प्रहरी र म्यादी प्रहरी लाई खुट्टामा ढुङ्गाले लागी घाईते भएको र सो क्रममा प्रहरीबाट ५ राउण्ड हबाई फायर समेत भएको पाइयो ।<br>❖ अपाङ्ग, जेष्ठ नागरिक,किरियापुत्री तथा महिलाहरूलाई मतदान गर्न सहज रूपमा ब्यबस्था भएको पाइयो ।<br>❖ जुलुस र आमसभामा बालबालिकाहरूको प्रयोग भएको पाइएन ।<br>❖ मतदाताको लागि शौचालय र खानेपानीको व्यवस्था पर्याप्त मात्रामा गरेको पाइएन ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन । |
| ५५ | हुम्ला | ❖ ज्येष्ठ नागरीक, विरामी, सुत्केरी तथा शारिरीक अवस्था कमजोर भएको वर्गलाई मतदानमा प्राथमिकता दिइएको पाइयो ।<br>❖ धेरै मतदाताहरूले मतदान गर्न नजानेको देखियो ।<br>❖ केही मतदान स्थलमा पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन ।<br>❖ मतदाताको लागि शौचालय र खानेपानीको व्यवस्था पर्याप्त मात्रामा गरेको पाइएन ।<br>❖ जुलुस र आमसभामा बालबालिकाहरूको प्रयोग भएको पाइएन । |
| ५६ | जाजरकोट | ❖ कुशे गाउँपालिकामा वाम गठबन्धन र काँग्रेस बिच चुनावी प्रचारकै क्रममा झडव भएको र त्यसबाट १ जना घाइते भएको बुझियो । |

| | | |
|---|---|---|
| | | ❖ मतदाता शिक्षाको अवस्था अत्यन्त कमजोर रहेको बुझियो ।<br>❖ विरामी तथा सुत्केरीहरूलाई मतदान गर्न ल्याउन र पुऱ्याउन अत्यन्त कठिन भएको देखियो ।<br>❖ जुलुस र आमसभामा बालबालिकाहरूको प्रयोग भएको पाइएन ।<br>❖ बागेश्वरी मतदान केन्द्र पिपेमा एउटा जीपबाट ज्येष्ठ नागरिकहरूलाई बोकी मतदाता ओसारपसार गरेको देखियो ।<br>❖ मतदानस्थलमा पिउने पानी, शौँचालयको र प्राथमिक उपचारको उचित व्यवस्थापन भएको पाइएन । |
| ५७ | दैलेख | ❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ चुनावी प्रचारप्रसारमा राजनितिक पार्टीहरूबाट बालबालिकाहरूको प्रयोग भएको पाइयो ।<br>❖ निर्वाचन विथोल्न सक्ने आशंकामा नेकपा विप्लव समूहका ३ जना कार्यकर्ताहरूलाई पक्राउ गरी हिरासतमा राखेको पाईयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी रूपमा नहुँदा समानुपातिक तथा प्रत्यक्ष दुवैमा अत्यधिक संख्यामा मत बदर भएको पाइयो ।<br>❖ मतदान केन्द्र भएका स्थानहरूमा खानेपानी र टवाइलेटको समस्या रहेको पाइयो । |
| ५८ | डोल्पा | ❖ आफ्नो आस्था रहेको राजनितिक दल तथा चुनाव चिन्हमा मतदान गर्न कुनै किसिमको रोकावट नभएको पाइयो ।<br>❖ ज्येष्ठ नागरीक, विरामी, सुत्केरी तथा शारिरीकअवस्था कमजोर भएको वर्गलाई मतदानमा प्राथमिकता दिइएको पाइयो ।<br>❖ मतदाता शिक्षाको कमिले गर्दा धेरै मतदाताहरूले मतदान गर्न नजानेको देखियो ।<br>❖ केही मतदान स्थलमा पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन ।<br>❖ प्रचारप्रसारमा राजनितिक पार्टीहरूबाट बालबालिकाहरूको प्रयोग भएको पाइयो । |
| ५९ | कालिकोट | ❖ २०७४ मंसिर ६ गते जनता मा वि छाती विजथला |

| | | |
|---|---|---|
| | | स्थानमा निर्वाचनको लागि खटिएको टोलीमाथी विप्लप कार्यकर्ताहरूले ढुंगामुडा गरी २ घन्टा अवरोध गरेका र थप सुरक्षा बल गएपश्चात अवस्था सामान्य भएको । <br>❖ मतदान स्थलहरूमा पिउने पानी र शौचलयको व्यबस्था मिलाएको देखिएन । <br>❖ प्रचारप्रसारमा राजनितिक पार्टीहरूबाट बालबालिकाहरूको प्रयोग भएको पाइयो । <br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन । <br>❖ आफ्नो आस्था रहेको राजनितिक दल तथा चुनाव चिन्हमा मतदान गर्न कुनै किसिमको रोकावट नभएको पाइयो । <br>❖ ज्येष्ठ नागरीक, विरामी, सुत्केरी तथा शारिरीकअवस्था कमजोर भएको वर्गलाई मतदानमा प्राथमिकता दिइएको पाइयो । |
| ६० | सल्यान | ❖ मतदान शिक्षा प्रभावकारी भएको पाइएन । <br>❖ मतदान गर्न आएका ज्येष्ठ नागरिक, विमारी, सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिलाई लाइनमा नबसी सिधै मतदान गर्ने व्यवस्था रहेको पाइयो । <br>❖ मतदान केन्द्र भएका स्थानहरूमा खाने पानी र टवाइलेटको समस्या रहेको थियो । <br>❖ बिरामी र अशक्त बृद्ध बृद्धाहरू उम्मेदवारहरूको गाडीमा राखेर ल्याएको पाइयो । <br>❖ प्रचारप्रसारमा बालबालिकाहरूको प्रयोग भएको पाइएन । <br>❖ आफ्नो आस्था रहेको राजनितिक दल तथा चुनाव चिन्हमा मतदान गर्न कुनै किसिमको रोकावट नभएको पाइयो । |
| ६१ | कैलाली | ❖ कैलालीको वरदगोरिया गाउपालिका वडा नं २ मा मंसिर २ गते कैही समुहका आएका व्यक्तिहरूले पत्रकार लक्ष्मी प्रसाद जैसी माथि आक्रमण तथा केलाली निर्वाचन षेत्र नं २ मा प्रदेश सभाका बाम गठवन्धनका तफबाट उम्मेदवार रतन थापाको लम्कीचुहा स्थिति घरपछाडि राखिएको बा १६ च ६८९९ नं गाडीमा आगो लागेको बुझियो । <br>❖ प्रधानमन्त्री शेरबहादुर देउवा वस्नु भएको डिभोटी |

| | | |
|---|---|---|
| | | होटल नजिकै बम बिष्फोट भएको ।<br>❖ टिकापुरमा सिलिण्डरसँगै रहेको शंकास्पद बस्तु र उत्तर वेहडीमा लगायतका अन्य ६ ठाँउमो ाशंकास्पद बस्तु नेपाली सेनाद्रारा निष्कृय पारिएका थियो। निर्वाचनको सुरक्षालाई मध्यनजर गरी विप्लप समूहका ने.कपा माओवादीका १२ जना कार्यकर्तालाई हिरासतमा लिइएको थियो । जस्मा २ जना विष्फोटक पदार्थ सम्वन्धी कसुर र अन्य १० जना सार्वजनिक अपराधमा राखिएको भन्ने जानकारी पाइयो ।<br>❖ निर्वाचनका सवै मतदान केन्द्रहरूमा बृद्ध, बृद्धा तथा अशक्त, अपाङ्गहरूका लागि सहज रूपले मतदान गर्ने वातावरण निर्माण गरेको पाइयो ।<br>❖ कैलाली जिल्लामा नियोग, जियोक, कार्टर सेन्टर युरोपियन युनियन लगायतले अनुगमन गरेको पाइयो भने अन्य पर्यवेक्षकको सक्रिय भुमिका देखिएन ।<br>❖ अधिकाँश मतदान केन्द्रहरू विद्यालयमा भएकोले विद्यालयको शौचालय र खानेपानीको सुविधालाई प्रयोग गरेको पाइयो ।<br>❖ निर्वाचनमा कैलाली जिल्ला भरीका ९० जना स्वास्थ्यसंग सम्वन्धित जनशक्ति खटिएको थियो जसमा २० जना सेती अञ्चल अस्पतालका डाक्टर कर्मचारी खटिएको पाइयो । |
| ६२ | डोटी | ❖ मतदाता शिक्षा प्रर्याप्त मात्रामा पुग्न सकेको अवस्था देखिएन ।<br>❖ पुर्वीचौकी गाउपालिका वडा नं ७ टिमुरदह फापरमाण्डौ आधारभूत मतदान केन्द्रमा ७५ बर्षिय मुना देवी कामीको मतदान गर्न आउने क्रममा मृत्यु भएको भन्ने बुझियो ।<br>❖ मतदाताहरू २ देखि ३ घण्टा सम्म हिडेर आउनुपर्ने देखिन्थ्यो ।<br>❖ पुरुषको तुलनामा महिला मतदाता संख्या बढी देखियो ।<br>❖ जेष्ठ नागरिक, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्तिहरूकाको लागि लाइनमा बस्न नपर्ने व्यवस्था गरिएको पाइयो । |

| | | |
|---|---|---|
| ६३ | अछाम | ❖ मेलेक गाउपालिकामा दुर्गा मा.बि.मा काग्रेस र बाम गठबन्धनका कार्यकर्ताको बिचमा झडप हुदा बर्ष ६५ की भानादेबी खडकाको टाउकोमा ढुंगालागि घाइते भएको, सोही मतदान केन्द्रमा काग्रेसको तर्फबाट ऐजेन्ट बसेका भीमबहादुर साउद बामगठबन्धनका एजेन्टसंग बिबादहुदा घाईते भएको, चोरपाटी गाउपालिका बर्ष ४८ की मिठु खडका, बर्ष १८ की सृजना खडका, बर्ष २३ का राकेश खडका, बर्ष ३५ का गणेश खडकाको समेत टाउको तथा अनुहार र जीउमा चोटपटक लागि घाइते भइको बुझियो ।<br>❖ बैजनाथ माबि पायल मतदानकेन्द्रमा दिउसो करिब १ : ४५ बजे नेपाली कांग्रेस र बामगठबन्धका कार्यबर्ता बिच झडप हदा बर्ष २४ की धना कुवर, निजका श्रीमान सहित तीन जना घाईते भएको ।<br>❖ अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, गर्भवती महिलाहरूहरूलाई मतदानस्थलसम्म पुग्न समस्या भएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रर्याप्त मात्रामा पुग्न सकेको अवस्था देखिएन ।<br>❖ मतदान केन्द्रहरूमा खाने पानी र टवाइलेटको समस्या रहेको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग भएको पाइएन । |
| ६४ | डडेल्धुरा | ❖ निर्वाचन प्रक्रियामा विभेदको अवस्था नभएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी नभएको पाइयो ।<br>❖ मतदानस्थलमा अशक्त, अपांङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिलाको लागि विशेष व्यवस्था गरेको पाइयो ।<br>❖ निर्वाचन सम्पन्न भैसकेपछि मतपेटिकाहरू संकलन गर्नेक्रममा,डडेल्धुराको जोगबुढाको कैनपानी भन्नेस्थानमा मतपेटिका सदरमुकातर्फ ल्याउदै गरिएको सवारी साधन माथी बमप्रहार हुदा सुरक्षाकर्मी चढेको एउटा सवारी साधनको झ्यालको शिशामा सामान्य क्षति भएको बुझियो । |

| | | |
|---|---|---|
| | | ❖ मतदान केन्द्रहरूमा खाने पानी र टवाइलेटको समस्या रहेको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग भएको पाइएन । |
| ६५ | बाजुरा | ❖ आफ्नो आस्था रहेको राजनितिक दल तथा चुनाव चिन्हमा मतदान गर्न कुनै किसिमको रोकावट नभएको पाइयो ।<br>❖ ज्येष्ठ नागरिक, विरामी, सुत्केरी तथा शारिरीक अवस्था कमजोर भएको वर्गलाई मतदानमा प्राथमिकता दिइएको पाइयो ।<br>❖ मतदाता शिक्षाको कमिले गर्दा धेरै मतदाताहरूले मतदान गर्न नजानेको देखियो ।<br>❖ केही मतदान स्थलमा पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग भएको पाइएन । |
| ६६ | बझाङ | ❖ महिला तथा दलित समुदायका व्यक्तिहरूलेनिर्वाचन प्रक्रियामा विभेदको अवस्था नभएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी नभएको पाइयो ।<br>❖ मतदानस्थलमा अशक्त, अपांङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिलाका लागि विशेष व्यवस्था गरेको पमइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग भएको पाइएन ।<br>❖ पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन ।<br>❖ आफ्नो आस्था रहेको राजनितिक दल तथा चुनाव चिन्हमा मतदान गर्न कुनै किसिमको रोकावट नभएको पाइयो । |
| ६७ | बैतडी | ❖ महिला तथा दलित समुदायका व्यक्तिहरूले निर्वाचन प्रक्रियामा विभेदको अवस्था नभएको बताएको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग भएको पाइएन ।<br>❖ पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन ।<br>❖ आफ्नो आस्था रहेको राजनितिक दल तथा चुनाव चिन्हमा मतदान गर्न कुनै किसिमको रोकावट नभएको पाइयो ।<br>❖ सार्वजनिक भाडाका सवारी साधन र मोटरसाईकलमा |

| | | |
|---|---|---|
| | | समेत दलहरूको झण्डाको प्रयोग गरिएको पाइयो । |
| ६८ | कञ्चनपुर | ❖ मतदाता शिक्षा प्रभावकारी नभएको पाइयो ।<br>❖ जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति तथा विशेष अवस्थाका मतदाताहरूलाई विशेष प्राथमिकतामा राखी मतदान गराएको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग भएको पाइएन ।<br>❖ पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन ।<br>❖ आफ्नो आस्था रहेको राजनितिक दल तथा चुनाव चिन्हमा मतदान गर्न कुनै किसिमको रोकावट नभएको पाइयो ।<br>❖ मतदानस्थलहरूको दुरी टाढाटाढा भएकोले मतदाताहरूलाई समस्या भएको पाइयो । |
| ६९. | सप्तरी | ❖ शहरी ईलाकामा मतदाता शिक्षा पुगे पनि गाउँमा मतदाता शिक्षाको कमी रहेको पाइयो ।<br>❖ मतदान स्थलमा शौचालय र खानेपानीको ब्यवस्था सबै ठाउँमा भएको पाइएन ।<br>❖ सप्तरी जिल्लाको नि.क्षे.नं. २ अन्तर्गत पर्ने महादेवा गा.पा.को २ नं.वडा मा ९६० मतदाता संख्या रहेकोमा कुनैपनि मतदाता मतदान नगरेको पाइयो ।<br>❖ सबै निर्वाचन केन्द्रमा अशक्त, अपाङ्ग र जेष्ठ नागरिकलाई प्राथमिकता दिइएको पाइयो ।<br>❖ निर्वाचनमा बालबालिकाको प्रयोग भएको पाइएन ।<br>❖ पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन ।<br>❖ आफ्नो आस्था रहेको राजनितिक दल तथा चुनाव चिन्हमा मतदान गर्न कुनै किसिमको रोकावट नभएको पाइयो । |
| ७० | सिरहा | ❖ प्रचार सामाग्रीका रूपमा जतातत्तै ध्वजापताका टांगिएको पाइयो ।<br>❖ मतदाता शिक्षाको लागि ३०० जना मतदाता स्वयंसेवीका परिचालन गरिएको र बिद्युतीय संचार माध्यम रेडियो प्रयोग गरेको पाइयो ।<br>❖ मैथिली भाषामा मतदाता शिक्षासामाग्री उपलब्ध रहेको पाइयो । |

| | | |
|---|---|---|
| | | ❖ निर्वाचनमा बालबालिकाको प्रयोग भएको पाइएन ।<br>❖ पिउने पानी र शौचलयका व्यबस्था मिलाएको देखिएन<br>❖ अपाङ्गता, जेष्ठ नागरिक, सुत्केरी, गर्भवतीहरूका लागि मतदान विशेष व्यवस्था गरेको पाइयो<br>❖ मतदान केन्द्र, विद्यालय, गाउँपालिका र स्वास्थ्य चौकी भवनमा संचालन गरिएको पाइयो । |
| ७१ | महोत्तरी | ❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग भएको पाइयो ।<br>❖ ज्येष्ठ नागरिक, अशक्त, सुत्केरी महिला, विरामीहरूलाई प्राथामिकताका साथ मतदान दिन पाएको जानकारी पाइयो ।<br>❖ अधिकांश मतदान केन्द्रहरूमा खानेपानी र शौचालयको व्यवस्था नभएको पाइयो ।<br>❖ मतदाता शिक्षाको कमी रहेको पाइयो ।<br>❖ मतदान केन्द्र, विद्यालय, गाउँपालिका र स्वास्थ्य चौकी भवनमा संचालन गरिएको पाइयो । |
| ७२. | सर्लाही | ❖ प्रचार सामाग्रीका ध्वजापताका जतातत‍ै टांगिएको पाइयो ।<br>❖ मतदाता शिक्षा पर्याप्त नभएको पाइयो ।<br>❖ अधिंकास मतदान केन्द्रहरूमा चिसोको कारणले गर्दा समय भन्दा आधा घण्टाढिलो मतदान कार्यसुरु भएको पाइयो ।<br>❖ जिल्लाको २ नम्बर क्षेत्रको फुलपरासी मतदान केन्द्रमा पार्टी एजेन्ट र समर्थकहरू विच एकजना मतदाताको मतदानको विषयलाई लिएर विवाद र धक्का मुक्की भएको र त्यस क्रममा सुरक्षाकर्मीले ४ राउण्ड हवाई फाएर गरेर भिड तितर वितर गरी पुनः मतदान सुचारु गरेको पाइयो ।<br>❖ अपाङ्ग, जेष्ठ नागरिक, सुत्केरी, गर्भवतीहरूका लागि छुट्टै लाइनको व्यवस्था गरेको पाइयो ।<br>❖ मतदान केन्द्र, विद्यालय, गाउँपालिका,नगरपालिका कार्यालय र स्वास्थ्य चौकी भवनमा संचालन गरिएको पाइयो । |
| | | ❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग भएको पाइयो ।<br>❖ अधिकांश मतदान केन्द्रहरूमा खानेपानी र शौचालयको व्यवस्था नभएको पाइयो । |

| | | |
|---|---|---|
| ७३ | धनुषा | ❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग भएको पाइयो ।<br>❖ अधिकांश मतदान केन्द्रहरूमा खानेपानी र शौचालयको व्यवस्था नभएको पाइयो ।<br>❖ मतदाताहरूलाई कुनै पनि पक्षबाट मतदान गर्नबाट रोकेको वा बाधाअवरोध सिर्जना गरेको पाइएन ।<br>❖ मतदान केन्द्रहरू अपांगता र जेष्ठ नागरिक मैत्री हुँदा मतदान गर्न सहज भएको बुझिए पनि यातायातका साधनहरू नचल्दा जेष्ठ नागरिक, शरिरीक रूपमा अशक्त तथा विरामीहरूलाई मतदान केन्द्र सम्म पुग्न कठिनाई भएको बुझियो ।<br>❖ सामाजिक सञ्जालबाट निर्वाचन बिरोधी गतिविधी गरेको भनि मंसिर २१ गते मतदानको दिन जनकपुर स्थित आफ्नै डेराबाट सि. के. रावतलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको र निर्वाचन सम्वन्धी कसुरमा म्याद थप गरेको पाइयो ।<br>❖ अधिकांश मतदाताहरू सम्म मतदाता शिक्षा पुग्न नसेको पाइयो । |
| ७४ | रौतहट | ❖ चुनाव प्रचार प्रसार तथा अन्य राजनीतिक क्रियाकलाप स्वतन्त्र रूपमा विना रोकतोक भएको पाइयो ।<br>❖ ज्येष्ठ नागरिक तथा विमारी र सुत्केरीहरूको लागि विना लाइन मतदान गर्ने व्यवस्था गरेको पाइयो ।<br>❖ निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग भएको पाइयो ।<br>❖ अधिकांश मतदान केन्द्रहरूमा खानेपानी र शौचालयको व्यवस्था नभएको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन । |
| ७५ | बारा | ❖ मतदाताहरूले स्वतन्त्र र निर्भिक रूपमा मतदान गर्न पाएका तथा कसैले पनि बाधा अवरोध तथा दवाव सिर्जना नगरेको पाइयो ।<br>❖ बारा जिल्लामा मतदाता शिक्षा मतदान कसरी गर्ने ? भन्नेमा मात्र सिमित रहेको पाईयो ।<br>❖ निर्वाचन केन्द्रमा गइ आफै मतदान गर्न नसक्ने तथा मतपत्रमा लेखिएको कुरा पढ्न नजान्ने मतदाताहरू जेष्ठ नागरिक, अपाङ्ग, असक्त, सुत्केरीको लागि |

| | | |
|---|---|---|
| | | अधिकांस मतदान केन्द्रहरूमा चाहेको सहयोगीद्वारा सहज मतदानको व्यवस्था गरेको पाइयो ।<br>❖ मतदान केन्द्रहरू अपाङ्मैत्री नरहेको पाइयो ।<br>❖ मतदान केन्द्रहमा ट्वाइलेट र खानेपानीको व्यवस्था राम्रो नरहेको पाइयो । |
| ७६ | पर्सा | ❖ निर्वाचन अनुगमनका क्रममा मतदाताहरू उल्लासमय वातावरणमा शान्तिपूर्वक लामबद्ध भई मतदानमा भाग लिएको पाइयो ।<br>❖ सवै लिङ्ग,जाति,वर्ग,धर्मका मानिसहरूले मतदानमा भाग लिएको देखियो ।<br>❖ ज्येष्ठ नागरिक तथा विमारी र सुत्केरीहरूको लागि विना लाइन मतदान गर्नको ब्यवस्था गरेको थियो ।<br>❖ केही मतदान केन्द्रहरू अपाङ्ग तथा जेष्ठ नागरिकमैत्री भएको पाइएन ।<br>❖ मतदान केन्द्रहमा ट्वाइलेट र खानेपानीको व्यवस्था राम्रो नरहेको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ निर्वाचन प्रक्रियामा बालबालिकाको प्रयोग भएको पाइयो । |
| ७७. | उदयपुर | ❖ मतदान केन्द्रहरूमा खानेपानी र शौचालयको व्यवस्था पर्याप्त नभएको पाइयो ।<br>❖ ज्येष्ठ नागरिक तथा विमारी र सुत्केरीहरूको लागि विना लाइन मतदान गर्नको लागि विशेष ब्यवस्था गरेको पाइयो ।<br>❖ मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।<br>❖ निर्वाचन प्रक्रियामा बालबालिकाको प्रयोग भएको पाइयो ।<br>❖ केही मतदान केन्द्रहरू अपाङ्ग तथा जेष्ठ नागरिकमैत्री भएको पाइएन ।<br>❖ सवै लिङ्ग,जाति,वर्ग,धर्मका मानिसहरूले निर्वाध रूपमा मतदानमा भाग लिएको देखियो ।<br>❖ मतदाताहरूले स्वतन्त्र र निर्भिक रूपमा मतदान गर्न पाएको पाइयो । |

# परिच्छेद-५
# विश्लेषण, निष्कर्ष, सिफारिश तथा सुझाव

## ५.१ विश्लेषण र निष्कर्ष

मानव अधिकारको सम्मान, संरक्षण र यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने संवैधानिक कार्यादेश बमोजिम राष्ट्रिय मानव अधिकार आयोगले दुई चरणमा हालै सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गर्ने कार्य सम्पन्न गऱ्यो ।

यसै गरी हालै सम्पन्न स्थानीय निर्वाचनको स्थलगत अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरिसकेको छ ।

यस अघि पनि संविधान सभाको दुवै पटक सम्पन्न निर्वाचनको अनुगमन गरी आयोगले प्रतिवेदन सोही समयमा सार्वजनिक गरेको थियो ।

निर्वाचनमा मतदाता र उम्मेदवारसमेत सबैको मानव अधिकार अन्तरभूत हुने हुँदा सोको प्रभावकारी संरक्षण र सम्वर्धन नागरिक र राजनीतिक अधिकारको महत्वपूर्ण पक्ष भएको मान्यता सर्वव्यापी रहिआएको छ। नागरिक तथा राजनीतिक अधिकारलाई मानव अधिकारकै अत्यज्य अंग मान्ने विश्वव्यापी अवधारणाबाट नेपाल निरपेक्ष रहन सक्ने अवस्था रहँदैन। तसर्थ यस निर्वाचनमा यी मानव अधिकारको प्रयोग र प्रचलनको अवस्थाको मूल्याङ्कन गर्दै भविष्यमा यी अधिकारको अझ बढी प्रभावकारी अनुशरण गर्ने गराउने दायित्वप्रति आयोग सजग रहिआएको छ ।

यो दायित्व निर्वाह गर्ने क्रममा मूलतः मानव अधिकारसम्बन्धी स्थापित मान्यताहरू, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रावधानहरू र निर्वाचनमा आमनागरिकको अधिकारको प्रश्नलाई केन्द्रमा राखेर आयोगले सबै जिल्लामा अनुगमन गरेको थियो । सोही अनुगमनबाट प्राप्त तथ्यहरू नै यस प्रतिवेदनको

आधारभूमि हो । यी निर्वाचनमा अनुभूत गरिएका समस्यालाई आत्मसात् गर्दै भविष्यमा ती दोहोरिन नदिनुमा नै मानव अधिकारको सम्बर्धन अन्तरनिहीत छ भन्ने आयोगको ठम्याई रहिआएको छ ।

आवधिक निर्वाचन कानूनी शासन र मानव अधिकारको आधार स्तम्भ हो । आवधिक निर्वाचनकै माध्यमबाट राज्यका निकायहरू जनउत्तरदायी र प्रभावकारी बन्छन् भन्ने मान्यता रहेको छ । नेपालको संविधान (२०७२) को प्रस्तावनामा नै वालिग मताधिकार र आवधिक निर्वाचनको व्यवस्था गरी निर्वाचनको महत्वलाई स्वीकार गरिएको छ । यसै गरी संविधानकै धारा ८४ मा प्रतिनिधि सभाको गठनसम्बन्धी व्यवस्था र धारा १७६ मा प्रदेश सभाको गठनसम्बन्धी व्यवस्था गरिएको छ ।

निर्वाचन आयोग ऐन, २०७३; प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४; प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४; मतदाता नामावली सम्बन्धी ऐन, २०७३; निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३; राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (पहिलो संसोधन सहित); निर्वाचन आयोग नियमावली, २०७३; राजनीतिक दल सम्बन्धी नियमावली,२०७४; प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४; प्रदेश सभा सदस्य निर्वाचन (संशोधन सहित) नियमावली, २०७४ निर्वाचनलाई व्यवस्थित गर्न बनाइएका कानून हुन् । यी कानूनको पूर्ण परिपालनामा नै मानव अधिकार सुरक्षित र संरक्षित हुन्छ । आयोगले आफ्नो अनुगमनमा यस कुरालाई पनि त्यत्तिकै महत्व दिएको छ ।

प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४; प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४; प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना ) निर्देशिका, २०७४; प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन ( तेस्रो संशोधन) निर्देशिका, २०७४; प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४; प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४; प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४; प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन (संशोधन

सहित) निर्देशिका, २०७४; प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन (संशोधन सहित) निर्देशिका, २०७४; प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७४ ले पनि निर्वाचन प्रक्रियालाई मानव अधिकार मैत्री बनाउने भूमिका खेलेका छन् । यति मात्र नभई प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४; मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४; प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन विवाद निरूपण निर्देशिका, २०७४; प्रतिनिधि सभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४ ; प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४; प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन कसूर तथा सजाय निर्देशिका, २०७४; प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४; प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचारसंहिता, २०७४ समेत नेपालको निर्वाचन प्रक्रियासित सम्बन्धित छन् । यी कानूनद्वारा अभिनिश्चित कार्यविधिको अनुशरण भए नभएको पक्षलाई पनि आयोगले अनुगमनको आधार बनायो ।

यी सबै कानूनी संरचनाको उद्देश्य निर्वाचनलाई स्वच्छ ,स्वतन्त्र र निर्भीक बनाउने हो भन्ने कुरा निर्विवाद छ। जनमतको निर्वाध अभिव्यक्ति र अधिकारको अकुण्ठित प्रयोग नै स्वच्छ निर्वाचनको परिचय हो। स्वच्छ र स्वतन्त्र निर्वाचनले मानव अधिकार मात्र होइन अन्ततोगत्वा राष्ट्रलाई नै सवल बनाउँछ। त्यसैले जनमतको सही प्रतिनिधित्वको प्रत्याभूति नै लोकतान्त्रिक संवैधानिक संरचनालाई सफलीभूत तुल्याउने मेरुदण्ड हो र यसले नै विश्व मानव अधिकार मानचित्रमा नेपाललाई दरिलोसँग उभ्याउँछ भन्ने हो भन्ने कुरालाई सम्बन्धित सबै पक्षले आत्मसात गर्नुपर्ने हुन्छ। यस दिशामा हाम्रा उपलव्धि, कमीकमजोरी र अझ बढी राम्रो गर्न आगामी दिनमा अवलम्वन गर्नुपर्ने मार्गचित्र सुझाउन पनि आयोगको यो प्रतिवेदन परिलक्षित छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २१ मा प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका

प्रतिनिधिमार्फत भाग लिने अधिकार हुने, देशको सरकारी सेवामा समान प्रवेशाधिकारको अधिकार हुने र जनताको इच्छा सरकारको शासन सञ्चालनको आधार हुने भन्ने उल्लेख गरिएको छ भने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा-२५ मा प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने अधिकारको प्रत्याभूति गरिएको छ। मानव अधिकारका यी सर्वस्वीकार्य मान्यताको कसीमा पनि निर्वाचनको समीक्षा गरिन आवश्यक छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को धारा ७ ले पुरुष सरह महिलालाई सबै निर्वाचन तथा जनमत सङ्ग्रहमा मत दिने अधिकार तथा सार्वजनिक रूपमा निर्वाचित हुने संस्थाहरूमा निर्वाचनको लागि योग्य हुने अधिकारको प्रत्याभूत गरेको छ। यसैगरी सबै प्रकारका जातीय विभेद निर्मूल गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ ले सर्वव्यापी र समान मतदानका आधारमा निर्वाचनमा भाग लिने, मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ले अन्य व्यक्ति सरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुने लगायत प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिहरू मार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवम् पूर्ण रूपमा सहभागी हुने अधिकारको व्यवस्था गरेको छ। सोही महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान प्रक्रिया, सुविधा र सामग्रीहरू उपयुक्त पहुँचयोग्य हुनुपर्ने र बुझ्न एवम् प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने कुराको समेत प्रत्याभूत गरेको छ। आवधिक निर्वाचन र त्यसको समग्र प्रक्रियालाई मानव अधिकारमैत्री बनाउनु पर्ने तथ्यलाई नकार्न सकिँदैन। यस वास्तविकताप्रति पनि आयोग आफ्नो अनुगमनको क्रममा विशेष चनाखो रह्यो।

यसै सन्दर्भमा आयोगले गरेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ को अनुगमनबाट प्राप्त तथ्यहरूलाई केलाउँदा निर्वाचनमा उत्साहपूर्ण सहभागिता रहेको देखियो। यो अत्यन्त सकारात्मक कुरा हो।

यसलाई आयोग नेपाली जनताको मानव अधिकारप्रतिको निष्ठा र सचेतनाको रूपमा ग्रहण गर्दछ ।

निर्वाचन सफल पार्नमा निर्वाचन आयोग, सबै राजनीतिक दलहरू, सरकारी संयन्त्रहरू, नागरिक समाज, मानव अधिकारकर्मीहरू र आम मतदाताहरूको पनि आ-आफ्नो तर्फबाट महत्वपूर्ण भूमिका रहेको पाइयो । सुधारको संभावना सदैव रहन्छ । कार्यका क्रममा केही कमी र पालनाका सन्दर्भमा केही अभाव रहनुले समस्त निर्वाचन प्रक्रियालाई कुष्ठित तुल्याउँदैन । यस निर्वाचन प्रक्रियामा महिला, दलित, जनजाति तथा पिछडिएका वर्गहरूको सहभागितालाई अनिवार्य गराइएकोले सो वर्गहरूको उल्लेखनीय प्रतिनिधित्व भई समावेशी स्थानीय संरचनाको पूर्वाधार बनेको तथ्यलाई सकारात्मक मान्न सकिन्छ । तर पनि प्रत्यक्ष निर्वाचनमा दलहरूले महिला उम्मेद्वारलाई अवसर नदिइनुले महिलाप्रति अझै पनि अविश्वास र सन्देह रहेको आयोगको ठम्याई छ । यस समस्याप्रति राजनीतिक दलहरू आउँदा दिनमा संवेदनशील भई समस्याको निदानतर्फ अग्रसर हुन आवश्यक छ ।

मतदाता शिक्षाको प्रभावकारिता र निर्वाचन आचारसंहिताको पूर्ण परिपालनाका प्रश्नहरूले पनि सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गरेको हुनुपर्छ । यी समस्याको समाधानतर्फ सोच्नु पर्ने आवश्यकता सबै पक्षले महसूस गरेको पाइनुलाई पनि सकारात्मक रूपमा लिनु पर्ने हुन्छ । निर्वाचन कानूनको परिमार्जनतर्फ पनि छलफल अगाडि बढाइनु पर्ने आवश्यकताबोध सम्बन्धित सबै पक्षमा हुन जरुरी छ । यो निर्वाचनले यी पक्षमा सबैको ध्यानाकृष्ट गरिदिएको छ । निवाचनका सबै चरणहरू समाप्त भएको अवस्था रहे पनि आउँदो निर्वाचन जनमत अभिव्यक्तिको दृष्टिले अझ बढी प्रभावकारी र स्वच्छ हुन सकोस्, लोकतन्त्रको संस्थागत विकासका दृष्टिले अझ बढी मानव अधिकार मैत्री हुन सकोस् भन्ने हेतुले यस दिशामा निरन्तर सोच र छलफल आवश्यक छ ।

निर्वाचनको क्रममा विष्फोटमा घाइते भई एक जना म्यादी प्रहरीको मृत्यु भएको थियो भने भोजपुर, उदयपुर, नुवाकोट, काठमाडौं, तनहुँ लगायतका जिल्लाहरूमा उम्मेदवार तथा उम्मेदवार चढेको सवारी साधनमाथि आक्रमण

भएबाट विचार तथा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रहार भएको मान्नु पर्ने हुन आउँछ। अन्य केही स्थानहरूमा बम फेला परेका, पड्केका विष्फोटक पदार्थहरूले आमनागरिकमा भय र त्रास सिर्जना गरेको र केही ठाउँमा भएका झडपका केही घटनाहरूमा केही उम्मेदवार र कार्यकर्ताहरू समेत घाइते भएको पाइयो। यी घटनाले आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकारको सम्मान गर्नुपर्ने र अधिकारको प्रयोगमा हिंसा र आतंकले कुनै स्थान पाउन नहुने कुराप्रति सम्बन्धित पक्ष गम्भीर हुनै पर्ने बोध गराएको छ।

समग्रमा निर्वाचनको समयमा शान्तिसुरक्षाको अवस्था सामान्यतया सन्तोषजनक रहेको पाइयो। आउँदा दिनमा निर्वाचन प्रक्रियामा भय, त्रास र हिंसाले परोक्ष रूपमा समेत कुनै स्थान पाउने छैन भन्ने कुरामा सम्बन्धित सबै पक्षसँग अपेक्षा राख्नुपर्ने हुन्छ।

यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगबाट दोलखा जिल्लाको तामाकोशी गाँऊ पालिका-२, झुलेका नागरिकले आफ्नो मताधिकार निर्भयतापूर्वक प्रयोग गर्न नपाएको तथा सुरक्षा चुनौति रहेको सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालय र निर्वाचन आयोगलाई र प्रदेश सभा तथा प्रतिनिधि सभाका उम्मेदवार तथा मतदाता एवम् सर्वसाधारणमाथि भइरहेको श्रृंखलावद्ध सांघातिक आक्रमण, भय र त्रास सिर्जना गर्ने खालका घटनाहरू सम्बन्धमा गम्भीर ध्यानाकर्षणसहित यस प्रकारका घटनाहरू नियन्त्रण गर्न, पुनरावृत्ति हुन नदिन तथा सुरक्षा व्यवस्था सुदृढ पार्न नेपाल सरकारको ध्यानाकर्षण गरी पत्राचारसमेत भएको थियो।

पर्याप्त मात्रामा मतदाता शिक्षा प्रदान नभएको, मतदान गर्दा कति वटा चिन्हमा कसरी मतदान गर्ने भन्ने विषयमा धेरै मतदाताहरू अलमलमा परेको, मतदाता शिक्षामा खटिएका प्रशिक्षकहरू नै अलमलमा रहेको र मतदानबारे सही ज्ञान दिन नसकेको गुनासो स्थानीय व्यक्तिहरूको रहेको पाइयो। यी गुनासा यथार्थपरक छैनन् भन्न सकिने ठाउँ पाइएन। अपाङ्ग, बौद्धिक अपाङ्गता भएका, फरक क्षमता भएका नागरिकका लागि मतदाता शिक्षाका सामग्रीको उत्पादन र वितरणको यथोचित व्यवस्था भएको पाइएन।

दलहरूले निर्वाचनको प्रचार प्रसार, जुलुस, आमसभा लगायतमा अत्याधिक रूपमा बालबालिकाको प्रयोग गरेको पाइयो । जेष्ठ नागरिक, सुत्केरी, विरामी र अपाङ्गका लागि निर्वाचनका दिन आवागमन सहज बनाउन पर्याप्त व्यवस्था भएको पाइएन । यी कमजोरीले निर्वाचन प्रक्रियामा कमजोरी औँल्याउने ठाउँ प्रदान गर्‍यो । आउँदा निर्वाचनमा यी सुधार गर्नै पर्ने समस्या हुन् भन्ने कुरा निर्वाचन आयोग समेतका सम्बन्धित निकायले स्वीकार्नै पर्ने कुरा हुन् भन्ने आयोगको निचोड रहेको छ ।

त्यसैगरी निर्वाचनमा खटिएका कर्मचारीहरू, सुरक्षाकर्मीहरू र विदेशमा रहेका नागरिकहरूले मताधिकारको प्रयोग गर्नसक्ने अवस्था नरहेको र मतदान कार्यमा खटिने कर्मचारी,पर्यवेक्षक,प्रतिनिधिको अलग-अलग पहिचान हुने व्यवस्था नभएको कुरालाई पनि कमी कमजोरीकै रूपमा ग्रहण गर्नुपर्ने हुन्छ ।

मतदान केन्द्रहरूमा पर्याप्त खानेपानी, शौचालय र प्राथमिक उपचारको व्यवस्था भएको पाइएन । कतिपय मतदानस्थल अत्यन्त साँघुरा र अपायक पनि पाइए । मतदानको बेलामा अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र सुत्केरीलाई विशेष सुविधा उपलव्ध गराइनु पर्नेमा सवै मतदान केन्द्रमा यसो हुन सकेको पाइएन । यी कमी कमजोरी आउँदो निर्वाचनमा देखिने छैनन् भन्ने कुराको आयोग अपेक्षा राख्दछ ।

मतदाताको अभिमतको कदर हुनुपर्ने कुरामा कुनै विवाद हुन सक्दैन । यसका लागि सरल मतदान प्रक्रिया आवश्यक हुन्छ नै । मतदान प्रक्रियाको सरलतातर्फ आजैदेखि सोच हुन जरुरी छ । प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन अलग-अलग मितिमा भएमा समस्यामा निश्चय नै कमी आउनेछ । यस पटकको जस्तो दुवै निर्वाचन एकै साथ गर्नुपर्ने बाध्यता भविष्यमा पर्ने छैन भन्ने अपेक्षा राख्नु अनुचित हुने छैन ।

ठूलो संख्यामा मतपत्र वदर हुनुलाई निश्चय नै गम्भीर रूपमा लिइनु पर्दछ । यसले निर्वाचन प्रक्रियामा नै नकारात्मकताको सन्देश प्रवाहित गर्दछ । मतदाता शिक्षाको प्रभावकारी प्रचारप्रसार यथासमयमा हुन अति आवश्यक छ । मतदाता शिक्षा प्रचारमुखी भन्दा यथार्थमुखी हुन आवश्यक छ । यसका

लागि व्यापक र व्यावहारिक कार्ययोजना बन्नु र तदनुरूप भए नभएको अनुगमन हुन पनि त्यत्तिकै आवश्यक छ ।

मतदाता शिक्षा मतदाता समक्ष नै पुग्नु पर्दछ। मतदाता शिक्षाको सफलता वा असफलताको परीक्षण बदर मतपत्र संख्याका आधारमा गरिनु व्यावहारिक हुन्छ। निर्वाचन आचारसंहिताको परिपालनामा नै स्वच्छ निर्वाचनको मर्म अन्तरनिहीत हुन्छ। यसको परिपालनामा गम्भीर उदासीनता देखिनु स्वस्थ्यकर होइन। निर्वाचन आचारसंहिताको सरकार, राजनीतिक दल र उम्मेदवारहरूले पालन नगरिदिने हो भने यसले निर्वाचनको स्वच्छतामा नै आँच पुऱ्याउँछ। निर्वाचनमा खटिएका कर्मचारी र पत्रकार समेतबाट आचारसंहिताको उल्लंघनका प्रश्नहरू उठ्नुलाई पनि स्वस्थ्यकर मान्न मिल्दैन। निर्वाचन आचारसंहितको अपरिहार्य अंशलाई कानूनमै समावेश गरी, यसको उल्लंघनलाई दण्डनीय बनाई यसको परिपालना गराउने क्रममा कुनै पनि किसिमको उदारता देखाउनु हुन्न भन्ने कुरामा आयोग दृढ छ र सम्बन्धित सबैबाट यही दृढताको अपेक्षा राख्दछ। खासगरी आचारसंहिता परिपालन भए नभएको अनुगमन गर्ने र उल्लंघन भएको पाइएमा कारवाही गर्ने जिम्वेवारी पाएको निकायको दृढ सक्रियता अपेक्षित छ ।

आउँदा निर्वाचनहरू निश्चित महिनामा हुने गरी कानूनी व्यवस्था नै हुनु श्रेयष्कर हुनेछ। निर्वाचन हुने नहुने, पूर्व घोषित मितिमा हुने नहुने विषयमा अनिश्चितताले निर्वाचनको स्वच्छ वातावरण बन्दैन। यसका लागि निर्वाचन मिति तोक्ने अधिकार निर्वाचन आयोगलाई दिनु उचित हुनेछ। निर्वाचनमा स्वच्छ प्रतिश्पर्धा हुनु र मतदाताले छलफल र सोचविचार गरी राम्रो दल र उम्मेदवार छान्न पाउने समय पाउनु पर्ने हुन्छ। आउँदा निर्वाचनमा यी समस्याहरू नदेखिनुका साथै मतदातामैत्री वातावरण बन्नेछ भन्ने अपेक्षा राख्नु पनि अनुचित हुने छैन ।

मतदान गर्न पाउनु प्रत्येक नागरिकको अधिकार हो। नागरिकहरू उल्लेख्य संख्यामा वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेको यथार्थलाई स्वीकार गरी तिनलाई पनि स्वदेशमा हुने निर्वाचनमा सरिक गराउने कानूनी प्रवन्ध हुनु पर्दछ। साथै मतदान नगर्ने अधिकार पनि नागरिकमा अन्तरभूत हुने हुँदा

यसतर्फ पनि सकारात्मक सोच आवश्यक छ भन्ने कुरा यस निर्वाचनले देखाएको छ। यसै गरी निर्वाचन पर्यवेक्षण गर्नेहरूको भूमिकालाई नकार्न सकिँदैन। समन्वयात्मक रूपमा सबै केन्द्र र स्थानमा मानव अधिकारको संरक्षण तथा सम्वर्धनका दृष्टिले अनुगमन गर्दै पर्यवेक्षण हुन सकेमा निर्वाचनको स्वच्छताले थप बल पाउने स्थिति रहने छ।

निर्वाचन पश्चातको अवधि समाप्त भएपछि निर्वाचन प्रचार सामग्रीको उचित व्यवस्थापन नहुदा वातावरणीय जोखिम एवं दुर्घटना समेत हुन जाने अवस्थालाई मध्यनजर गर्दै त्यसको व्यवस्थापन तर्फ ध्यान दिनु आवश्यक छ।

मतदानस्थल र मतगणनास्थलको समुचित प्रवन्धले पनि स्वच्छ निर्वाचनमा महत्वपूर्ण भूमिका खेल्दछ। निश्चित पोशाक (कम्तीमा टोपी) को व्यवथा गरी कर्मचारी, उम्मेदवार, उम्मेदवार प्रतिनिधि र पर्यवेक्षकको पहिचान हुन आवश्यक छ। पर्याप्त स्थान र सुरक्षाको समुचित प्रवन्ध त अत्यावश्यकीय पक्ष नै हुन भन्ने महसूस हुन आवश्यक छ।

आगामी निर्वाचन यी कमी कमजोरीबाट मुक्त हुनेछन् भन्ने अपेक्षा राष्ट्रिय मानव अधिकार आयोग राख्दछ र भविष्यमा पनि निर्वाचन अनुगमन गर्ने र निर्वाचनमा मानव अधिकारको परिपालन भएनभएको र निर्वाचन प्रक्रियामा कुनै कमजोरी रहे नरहेको स्वतन्त्र एवं निश्पक्ष रूपमा औंल्याउने दायित्वबाट विमुख नहुने प्रतिवद्धता जाहेर गर्दछ।

## ५.२ सिफारिश तथा सुझाव

विगत निर्वाचनको अनुगमनबाट प्राप्त तथ्यहरूका आधारका राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएका सिफारिशहरू हालसम्म पनि कार्यान्वयन हुन बाँकी रहेको सन्दर्भमा ती सुझाव तर्फ आयोग सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ। सो पछि सम्पन्न निर्वाचनको अनुगमनबाट प्राप्त तथ्यहरूको विश्लेषण गर्दा भविष्यमा हुने निर्वाचन स्वतन्त्र, निष्पक्ष र मानव अधिकारमैत्री बनाउन आयोगले सूत्रवद्धरूपमा निम्नानुसारका सिफारिशहरू गरेको छ :

## क) नेपाल सरकारलाई

- निर्वाचन मिति तोक्ने अधिकार निर्वाचन आयोगलाई दिने गरी कानून संशोधन गर्न पहल गर्न,
- निर्वाचनको मिति तोक्दा नेपालको भौगोलिक अवस्थिति, अनुकूल मौसम, सांस्कृतिक चाड पर्व र खेतीपातीको समय समेतलाई विचार गरी अधिकतम् जनसहभागिता हुन सक्ने समय निर्धारण गर्न,
- मतदान केन्द्र तोक्दा विद्यालयमा सकभर नतोक्न र आगामी निर्वाचनको लागि निश्चित स्थानमा मतदान केन्द्रको लागि आवश्यक पूर्वाधार तयार गर्ने वातावरण सिर्जना गर्ने कामको थालनी गर्न,
- मतदान केन्द्रहरूमा मतदाताहरूलाई खानेपानी, शौचालय, प्राथमिक उपचार सेवा आदिको पर्याप्त व्यवस्था गर्न, गराउन,
- ज्येष्ठ नागरिक, सुत्केरी, महिला, र अपाङ्गता भएका व्यक्तिहरूका लागि मतदानका दिन आवागमन सहज बनाई निजहरूको मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्न,
- निर्वाचन केन्द्र निर्धारण गर्दा अपाङ्गमैत्री स्थान छनोट गर्न वा साविकका सबै मतदान केन्द्रहरूलाई समयमै अपाङ्गमैत्री बनाउन,
- मतदान केन्द्र तथा मतगणना स्थलमा प्रभावकारी सुरक्षा व्यवस्था गरी मतदाता, मतपत्र, मतदान सामग्री र मतपेटिकाको सुरक्षाको प्रत्याभूति गर्न, गराउन,
- निर्वाचनमा खटिएका कर्मचारीहरू र सुरक्षाकर्मीहरू साथै अनुगमन र पर्यवेक्षणमा खटिएका कर्मचारीहरूले समेत पहिलो चरणमा कम्तीमा समानुपातिक तर्फ मतदान गर्न पाउने गरी निर्वाचन व्यवस्थापन गर्ने गरी कानूनी प्रवन्ध मिलाउन र
- निर्वाचनमा खटिएका कर्मचारीहरू र सुरक्षाकर्मीहरूलाई पर्याप्त रूपमा तालिम तथा अभिमुखीकरण गर्न र ती कर्मचारीहरूको कार्यमा एकरूपता ल्याउन र म्यादी प्रहरीको प्रवन्ध गर्नु नपर्ने अवस्था सिर्जना गर्न ।

## ख) निर्वाचन आयोगलाई

- मतदाता शिक्षा पर्याप्त रूपमा सम्बन्धित व्यक्तिहरूसम्म पुग्न नसकेको कारण मतदाताहरू र निर्वाचनमा खटिएका कर्मचारीहरूमा समेत अन्योल रहेको पाइएकोले मतदाता शिक्षाको पर्याप्त र प्रभावकारी व्यवस्था गर्न, गराउन,
- शारीरिक तथा बौद्धिक अपाङ्गता भएका र फरक क्षमता भएका नागरिकहरूका लागि मतदाता शिक्षा सामग्रीहरूको उत्पादन तथा वितरण व्यवस्था समयमै गर्न, गराउन,
- निर्वाचन आचारसंहिताको पूर्ण पालना गराउनका लागि आचारसंहिता अनुगमन संयन्त्रलाई थप प्रभावकारी बनाउन,
- मतदानस्थलमा खानेपानी, शौचालय तथा प्राथमिक उपचारको उपयुक्त व्यवस्था हुन नसकेको पाइएकोले सोको प्रभावकारी व्यवस्था मिलाउन,
- दूर्गम स्थानहरूमा मतदाताहरूको घर ठेगानाबाट मतदान केन्द्रहरूको दूरी अत्यन्त टाढा भई धेरै मतदाताहरू मतदानको अधिकारबाट वञ्चित रहेको पाइएको हुँदा मतदाताहरूलाई सहज पहुँच हुने गरी मतदान केन्द्रहरू स्थापना गर्ने, गराउने व्यवस्था मिलाउन,
- केही स्थानमा मतदाता सूचीमा नाम भएकाहरूको पनि मतदाता परिचयपत्र प्राप्त नभएको, केही परिचयपत्रहरूमा बाबु-आमाको नाम, वास्तविक ठेगाना, नामका अक्षरहरू नै गल्ती भेटिएकोले यस्ता त्रुटिहरूलाई दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन,
- मतदानस्थलसम्मको पहुँचको लागि यातायात तथा अन्य आवश्यक व्यवस्था गर्न र खासगरी गर्भवती, दृष्टिविहीन, जेष्ठ नागरिक तथा अशक्त मतदाताको मताधिकार सुनिश्चिततालाई भरपर्दो र विश्वसनीय बनाउन,
- मतदाता परिचय-पत्रलाई समय-समयमा अद्यावधिक गरी, अझ बढी व्यवस्थित बनाई प्रयोग अनिवार्य गर्न,

- सभा, जुलुस तथा चुनाव प्रचार-प्रसारको क्रममा बालबालिकाको प्रयोग गर्ने, गराउने दल तथा उम्मेदवारलाई उचित दण्ड गर्ने व्यवस्था आचारसंहितामा समावेश गर्न,
- निर्वाचन आचारसंहिताको अक्षरशः पालना गर्न, गराउन र उल्लङ्घनकर्तालाई दण्ड जरीवानाको दायराभित्र ल्याउन,
- निर्वाचन प्रणालीलाई यान्त्रिक मतदान प्रणालीमा लैजान विस्तृत अध्ययन गर्न, गराउन,
- मतदान कार्यमा खटिने कर्मचारी,पर्यवेक्षक,प्रतिनिधि र उम्मेदवारको अलग-अलग पहिचान हुने पोशाक, व्याज र परिचय पत्रको व्यवस्था गर्न,
- निर्वाचनमा खटिएका कर्मचारीहरू, अन्य कर्मचारीहरू, सुरक्षाकर्मीहरू र विदेशमा रहेका नागरिकहरूले मताधिकारको प्रयोग गर्न सक्ने गरी निर्वाचन कानूनमा आवश्यक संशोधनको पहल गर्न र
- कसैलाई मत दिन्न (नो भोट) भन्ने अधिकारको प्रचलन गराउन कानूनी प्रवन्ध हुन आवश्यक पहल गर्न ।

## ग) राजनीतिक दल तथा उम्मेदवारहरूलाई

- निर्वाचन घोषणापत्रमा मानव अधिकारको स्थापित मान्यतालाई आत्मसात गरी सो अनुरूप कार्य गर्न, गराउन,
- बालबालिकालाई निर्वाचन प्रचारप्रसार, जुलुस, सभा, सम्मेलन तथा भेलामा प्रयोग गर्ने, गराउने कार्य सदाको लागि अन्त्य गर्न,
- राजनीतिक विचार, आस्था, अभिव्यक्ति आदिको आधारमा द्वन्द सिर्जना नगरी शान्ति, सुव्यवस्था कायम राख्न, संयमित रहन तथा लोकतान्त्रिक मूल्य र मान्यताको अनुशरण गर्न,
- निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न, गराउन,
- मतदान केन्द्र तथा मतगणना केन्द्रसमेतमा खटाइएका प्रतिनिधिलाई समयमा उपस्थित हुन र त्यहाँ हुने कार्यविधिका सम्बन्धमा व्यापक प्रशिक्षण दिन,

- निर्वाचनको समयावधिभर फजुल खर्च, भोजभतेर र चर्को आवाजयुक्त प्रसार प्रणाली (Sound System) को प्रयोग नगर्न र
- पोष्टर-पम्प्लेट तथा व्यानर प्रयोग नगर्न र वातावरण मैत्री व्यवहार प्रस्तुत गर्न ।

## घ) अनुगमनकर्ता, पर्यवेक्षक संस्था तथा मानव अधिकारकर्मीहरूलाई

- निर्वाचनमा पर्यवेक्षकहरूलाई खटाउनुपूर्व अनिवार्य रूपमा तालिम र अभिमुखीकरण प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिन,
- निर्वाचनको क्रममा हुने मानव अधिकार उल्लंघन तथा ज्यादतिका विषयहरूलाई सूक्ष्मतम् रूपमा अनुगमन गरी सार्वजनिक गर्न, गराउन,
- पर्यवेक्षण गर्न अनुमति पाएका संस्थाहरूले पर्यवेक्षकको छनोट गर्दा सकेसम्म स्थानीयलाई सोही ठाउँमा नखटाउने व्यवस्था गर्न,
- अनुगमन कार्य सुविधाजनक ठाउँ, राजमार्ग क्षेत्र सदरमुकाम केन्द्रित नगरी सबै स्थलमा पहुँच पुऱ्याउने व्यवस्था गर्न,
- अन्य अनुगमनकर्ता तथा संस्थाहरूसँग समन्वय गरी समय विभाजन गरी अनुगमनको प्रवन्ध गर्न,
- खासगरी मतदान आरम्भ हुँदा, मध्य हुँदा र समाप्त हुने बेला- यी तीन समय बढी संवेदनशील हुने हुँदा यी समयमा अनुगमनकर्ताको उपस्थिति रहने व्यवस्था गर्न,
- अनुगमनको कार्य के कसरी समन्वयात्मक हुन्छ भन्ने कुरामा सम्बन्धित संस्थाहरूको सहकार्यका लागि छलफल गरी समन्वयात्मक कार्यक्रम तर्जुमा गर्न र
- प्रत्येक मतदान केन्द्रमा पर्यवेक्षक पुग्ने र संभव भएसम्म पर्यवेक्ष खाली नहुने गरी समय विभाजन गर्न ।

## ङ) सञ्चारकर्मीहरूलाई

- मतदाता शिक्षालाई महत्वका साथ प्रकाशन प्रसारण गर्न, गराउन,
- निर्वाचन आचारसंहिताको विषयलाई उच्च प्राथमिकता दिन,
- निर्वाचन प्रक्रियासम्बन्धी समाचार तथा सामग्री सम्प्रेषण गर्दा मानव अधिकारको दृष्टिकोणबाट सम्प्रेषण गर्न, गराउन,
- कुनै उम्मेदवार वा दल विशेषको पक्षपोषण हुने खालका सामग्री सम्प्रेषण नहुने तर्फ सजग रहन,
- मतदातालाई निर्वाचनसम्बन्धी प्रक्रिया र गतिविधिबारे निष्पक्ष र प्रभावकारी ढंगले सुसूचित गर्न,
- जातीय द्वेष, हिंसा र द्वन्द बढाउने खालका सामग्री प्रचारप्रसार नगर्न नगराउन र
- सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्दा मर्यादित रूपले एवं निर्वाचन आचारसंहिताको उल्लंघन नहुने गरी गर्न ।

# अनुसूची–१

## आयोगद्वारा प्रकाशित अपील

**राष्ट्रिय मानव अधिकार आयोग**
**National Human Rights Commission**
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

**प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको प्रथम चरणको निर्वाचनको सन्दर्भमा**
**राष्ट्रिय मानव अधिकार आयोगको**
**विशेष अपील**



प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको लागि प्रथम चरणमा मुलुकका विभिन्न ३२ जिल्लाहरूमा २०७४ मंसिर १० गते हुन गइरहेको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र निष्पक्षरूपमा सम्पन्न गरी नागरिकका नागरिक तथा राजनीतिक अधिकारहरूको पूर्ण सम्मान र संरक्षण गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोग सरोकारवालाहरूसँग विशेष अपील गर्दछ ।

राजनीतिक दलहरूलाई स्वतन्त्र रूपमा निर्वाचन गतिविधिहरू सञ्चालन र मतदाताहरूलाई निर्भयपूर्वक मतदान गर्ने वातावरणको लागि निर्वाचनको सम्पूर्ण प्रक्रियामा शान्ति-सुरक्षा तथा अमनचयन कायम राख्न, सामाजिक सद्भाव बिथल्न नदिन र निर्वाचन अवधिमा सबै पक्षलाई आवश्यक सहयोग पुऱ्याउन आयोग **नेपाल सरकारलाई** आग्रह गर्दछ ।

संविधान प्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रतामा विश्वास एवम् सम्मान गर्न, कुनै पनि व्यक्ति, उम्मेदवार विशेष, जातजाति, धर्म, सम्प्रदायबीचको सम्बन्धलाई खलल पार्ने, होच्याउने प्रकृतिका विचार प्रकट नगर्न, आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा अन्य व्यक्ति, समुदाय वा दलसमेतको स्वतन्त्रता र मर्यादाको सम्मान र रक्षा गर्न, दलविशेषका शान्तिपूर्ण सभा/ऱ्यालीहरूमा व्यवधान खडा गर्ने र बिथोल्ने जस्ता अलोकतान्त्रिक गतिविधि नगर्न, सभाजुलुस/ऱ्याली एवम् प्रदर्शनका क्रममा टायर बाल्ने र मसाल जुलुस गर्ने, लाठीभाला, खुकुरी, लगायतका घरेलु हतियार नबोक्न/प्रदर्शन नगर्न, निर्वाचनलाई प्रभावित पार्ने गरी बन्द, हड्तालजस्ता कार्यक्रमहरू आव्हान नगर्न, जबर्जस्ती चन्दा असुली कार्य नगर्ने तथा सार्वजनिक सम्पत्ति र कसैको पनि व्यक्तिगत सम्पत्ति लगायत यातायातका साधनहरू जबर्जस्ती प्रयोग नगर्न, बालबालिकाहरूलाई राजनीतिक उद्देश्य वा अन्य प्रयोजनका लागि सभाजुलुस आदिमा संलग्न नगराउन, संविधान प्रदत्त समावेशीताको सिद्धान्तलाई आत्मसात गरी व्यवहारमा लागू गर्न, मानव अधिकार, प्रेस स्वतन्त्रतालगायत आधारभूत वैयक्तिक स्वतन्त्रताका मूलभूत मूल्यमान्यताको पूर्णतः पालना र सम्मान गर्न तथा निर्वाचन आचारसंहिता अक्षरशः पालना गर्न **राजनीतिक दलहरूलाई** आग्रह गर्दछ ।

निर्वाचन आयोगबाट जारी भएका आचारसंहिताको पूर्णरूपमा पालना गराउन, आचारसंहिता उल्लङ्घनमा संलग्न दल तथा उम्मेदवारलाई तत्काल कानुनी कारवाहीको दायरामा ल्याउन, मतदाता शिक्षा प्रभावकारी रूपमा लागू गर्न, सबै मतदाताहरूको सहज पँहुच हुने स्थान र दुरीमा मतदान केन्द्रको व्यवस्था गर्न र अपाङ्गता भएका मतदाता, जेष्ठ नागरिक, सुत्केरी तथा बिरामी मतदातालाई मतदान केन्द्रमा सहज पहुँचको लागि विशेष व्यवस्था गर्न **निर्वाचन आयोगलाई** आग्रह गर्दछ ।

निर्वाचनसम्बन्धी गतिविधिहरूको स्वतन्त्र एवम् निष्पक्ष तवरले नियमितरूपमा अनुगमन गर्न, निर्वाचनसँग सम्बन्धित मतदाता शिक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न र पर्यवेक्षकको सीमाबाहिर गई राजनीतिक दलहरूसँग आबद्ध नहुन तथा राजनीतिक गतिविधिमा संलग्न नभई तटस्थ रहन **निर्वाचनको पर्यवेक्षणमा संलग्न सबै सङ्घसंस्थाहरूलाई** आग्रह गर्दछ ।

निर्वाचनलाई प्रतिकूल असर पार्ने खालका सामग्री वितरण एवम् सम्प्रेषण नगर्न, कुनै पनि व्यक्ति, जातजाति, धर्म, सम्प्रदायबीचको सम्बन्धलाई खलल पार्ने, होच्याउने प्रकृतिका विचार प्रवाह नगर्न/नगराउन र निर्वाचन आचारसंहिता प्रभावकारी रूपमा पालना गर्न/गराउने सन्दर्भमा सदैव सकारात्मक भूमिका निर्वाह गर्न **सामाजिक सञ्जाल प्रयोगकर्ताहरु तथा सबै सञ्चार-माध्यमहरूलाई** आग्रह गर्दछ ।

अन्त्यमा, आफ्ना अधिकारको बारेमा सचेत रहन, कसैको कुनै पनि दबाबमा नपरी निर्भिकताका साथ मताधिकारको सही प्रयोग गर्न तथा मानव अधिकारमैत्री एवम् निष्ठावान जनप्रतिनिधि छनौट गरी आफ्नो अधिकारको सुनिश्चितताकोलागि आफैं अग्रसर रहन **आम नागरिक तथा मतदातालाई** आयोग विशेष आग्रह गर्दछ ।

अनूप राज शर्मा
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग

मिति २०७४/८/८

फोन न. ५०१००१५, फ्याक्स न. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973,G.P.O. Box: 9182, Kathmandu, Nepal, Email:nhrc@nhrcnepal.org
website www.nhrcnepal.org

# अनुसूची–२

## आयोगद्वारा प्रकाशित/प्रसारित आह्वान

**प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको आगामी निर्वाचनको सन्दर्भमा**

**राष्ट्रिय मानव अधिकार आयोगको**

**आह्वान**

- निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न शान्ति सुरक्षाको उचित प्रबन्ध गरी नागरिकको मताधिकार र मानव अधिकारको सम्मान र संरक्षण गर्न ।
- संविधान प्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रताको सम्मान गर्न ।
- सभा, जुलुस तथा ¥याली आयोजना गर्दा, लाठीभाला, खुकुरी, लगायतका घरेलु हतियार र विस्फोटक प्रदार्थ नबोक्न/प्रदर्शन तथा प्रयोग नगर्न ।
- निर्वाचनलाई प्रभावित पार्ने गरी बन्द, हड्तालजस्ता कार्यक्रमहरू नगर्न तथा निर्वाचनमा बालबालिकाको प्रयोग नगर्न ।
- निर्वाचन आचारसंहिताको अक्षरशः पालना गर्न ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सुत्केरी, बिरामी तथा अशक्त मतदातालाई मतदान केन्द्रमा सहज पहुँचको लागि विशेष व्यवस्था गर्न गराउन ।
- निर्वाचन पर्यवेक्षकहरूले तटस्थ रुपमा आफ्नो जिम्मेवारी पूरा गर्न ।
- आम मतदाताहरूले कुनै पनि प्रभाव र दबाबमा नपरी आफ्नो मताधिकारको प्रयोग गर्न ।
- आफ्नो अधिकारको प्रयोग गर्ने क्रममा अरुको अधिकारको पनि सम्मान गर्न ।

**राष्ट्रिय मानव अधिकार आयोगबाट निर्वाचन अनुगमनका लागि खटिएका टोलीहरूलाई स्वतन्त्र रुपमा अनुगमन गर्ने कार्यमा आवश्यक सहयोग गर्न सम्बद्ध सबैमा आयोग आह्वान गर्दछ ।**

**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहरभवन, ललितपुर
हटलाइन: ०१-५०१००००

# अनुसूची–३

# प्रेस–विज्ञप्तिहरू

**राष्ट्रिय मानव अधिकार आयोग**
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असोज २९ गते

**घोषणापत्रमा मानव अधिकारको विषय समावेश गर्न आग्रह**

आगामी मंसिर १० र २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको सन्दर्भमा राजनीतिक दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारको विषय समावेश गर्न राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ।

लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचन समेतको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्ने नेपालको संविधानको लक्ष्य रहेको र त्यसको कार्यान्वयनको प्रमुख जिम्मेवारी राजनीतिक दलहरूको रहेको गर्दै। समृद्ध राष्ट्र निर्माण गर्ने सन्दर्भमा नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारहरूको सुनिश्चिततालाई स्वीकार गरी ती हक अधिकारहरुलाई मौलिक हकको रुपमा संविधानले व्यवस्था गरेको छ। नागरिकहरूको अधिकार प्राप्तिको सुनिश्चितताको लागि संविधानले विभिन्न १२ वटा नीतिहरू अवलम्बन गर्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन समेतको दायित्व राज्यको हुने उल्लेख गरेको छ। अन्तर्राष्ट्रिय रुपमा नेपालले मानव अधिकारसम्बन्धी विभिन्न ४१ वटा महासन्धिहरुलाई नेपाल कानुन सरह कार्यान्वयन गर्न स्वीकार गरिसकेको सन्दर्भमा नेपाल राज्यको मानव अधिकारप्रतिको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व स्वतः स्थापित भइसकेको छ।

यसै सन्दर्भमा हरेक राजनीतिक दलको मार्गचित्रको रुपमा सम्बन्धित दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनको लागि नेपालको संविधान तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप उच्च महत्वका साथ ती विषय समेतलाई समावेश गर्न आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई विशेष आग्रह गर्दछ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ कार्तिक २९ गते

**निर्वाचनको निर्वाध प्रचार प्रसारमा अवरोध नगर !**

आसन्न प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको दिन नजिकिँदै गर्दा प्रचार प्रसारका क्रममा रुकुम, रोल्पा, भोजपुर, म्याग्दी, सखुवासभा, गोरखा लगायतका जिल्लाहरूमा उम्मेदवार तथा कार्यकर्ताहरूलाई लक्षित गरी शृङ्खलाबद्ध रूपमा भएको गोली तथा बम प्रहारका घटना लगायतका निर्वाचन विरोधी गतिविधिहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले विभिन्न जिल्लामा गरेको अनुगमनका क्रममा निर्वाचनको विरोधमा रहेको नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरुबाट उम्मेदवारको घरमा कालो झण्डा राख्ने तथा सम्पत्ति कब्जा गर्ने, मतदातालाई मतदान गरे कारबाही गरिने धम्की दिने, निर्वाचनको प्रचार प्रसारमा अवरोध गर्ने र निर्वाचनमा भाग लिएका राजनीतिक दलहरुबिच भएका झडप लगायतका तथ्यहरु प्राप्त भएका छन् । यस्ता कार्यले भयरहीत वातावरणमा निर्वाचनमा भाग लिन पाउने मतदाताको अधिकार तथा स्वतन्त्र, निर्भयतापूर्वक र शान्तिपूर्ण ढङ्गबाट प्रचार प्रसार गर्न पाउने उम्मेदवारको अधिकारको उल्लंघन भएको देखिन्छ ।

स्वच्छ, स्वतन्त्र र आवधिक निर्वाचन लोकतन्त्र र मानव अधिकारको पर्याय हो । यसको सम्मान गर्नु सबै नागरिकको कर्तव्य पनि हो । नागरिक तथा राजनीतिक विषयक अनुबन्ध लगायतका अन्तर्राष्ट्रिय र नेपालको संविधान लगायतका राष्ट्रिय दस्तावेजहरूबाट प्राप्त अधिकारको पूर्ण उपभोगमा अवरोध गर्ने जो कसैलाई पनि विगतमा सरकारबाट कानुनी दायरामा ल्याउन नसक्दा यस्ता घटनारू बारम्बार भैरहेको आयोगको निष्कर्ष रहेको छ ।

अत: निर्वाचनमा भाग लिन पाउने प्रत्येक नागरिकको अधिकारलाई अवरोध नगर्न, कुनै किसिमको व्यवधान सृजना नगर्न तथा सर्वसाधारणको मानव अधिकारको सम्मान गर्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ । साथै, आफ्ना चुनावी गतिविधिहरु सञ्चालन गर्दा संयमता अपनाउन आयोग सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछ । स्वतन्त्र र भयरहीत वातावरणमा प्रचार प्रसार गर्न पाउने उम्मेदवारको अधिकार र मतदान गर्न पाउने मतदाताको अधिकार सुनिश्चित् गर्न तथा निर्वाचनको क्रममा सम्पूर्ण सुरक्षा व्यवस्थालाई अपेक्षित रुपमा सक्षम तथा सबल तुल्याउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

वेद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org .

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर मवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ मंसीर ३ गते

## निर्वाचन सुरक्षा व्यवस्था तत्काल सवल बनाऊ !

आसन्न प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको क्रममा रौतहट, भोजपुर, लमजुङ, नुवाकोट, लगायतका जिल्लामा बम विष्फोट भई एक जना बालकसहित दर्जनौं व्यक्तिहरू घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

राजनीतिक दलका चुनावी कार्यक्रम एव उम्मेदवारहरुलाई लक्षित गरी भएका श्रृंखलाबद्ध बम आक्रमणका घटनाहरुले निर्वाचन सुरक्षा व्यवस्था फितलो हुँदै गएको देखिन्छ। यी घटनाहरूबाट मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ लगायतका नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धीहरु, नेपालको संविधान लगायतका कानुनहरु, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन निर्वाचन आयोगबाट दिइएको निर्देशनको समेत उल्लघन भएको छ।

अबोध बालक सहित निर्दोष व्यक्तिहरु घाइते हुने गरी भएका यी अमानवीय घटनाहरूप्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ। घटनाका दोषी पहिचान गरी कानुनी दायरामा ल्याउन र घाइते व्यक्तिहरूको निशुल्क र प्रभावकारी उपचारको व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। साथै, आफ्ना राजनीतिक विचारलाई शान्तिपूर्ण वार्ताका माध्यमबाट समधान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।

राज्यका सबै सुरक्षा व्यवस्थालई प्रभावकारी तुल्याई शान्तिपूर्ण र भयरहित वातावरणमा जनप्रतिनिधि छान्न पाउने नागरिकको नैसर्गिक अधिकारको सुनिश्चित् गर्न आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

(आमसञ्चार माध्यममा तत्काल प्रयोजनको लागि)

२०७४ मङ्सिर ९ गते

आयोगले २७ वटा जिल्लामा निर्वाचनको सन्दर्भमा मानव अधिकार अवस्था अनुगमन गर्ने

**मानव अधिकारको सम्मान र संरक्षण गर्न सबै पक्षलाई आग्रह**

राष्ट्रिय मानव अधिकार आयोगले २०७४ मङ्सिर १० गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको प्रथम चरणको निर्वाचनमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्ने भएको छ । प्रथम चरणमा निर्वाचन सम्पन्न हुने मुलुकका विभिन्न ३२ वटा जिल्लाहरु मध्ये उच्च हिमाली भेगका केही जिल्लाबाहेकका २७ वटा जिल्लाहरुमा निर्वाचनको समग्र प्रक्रियाको अनुगमन गर्नका लागि आयोगका अधिकृतसहितको टोलीहरु खटिइसकेका छन् ।

टोलीहरुले राजनीतिक दलहरूले शान्तिपूर्वक भेला गर्न तथा विचार अभिव्यक्त गर्न पाएनपाएको, राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग भएनभएको, मतदाता शिक्षा तथा नागरिक सचेतनाको अवस्था, राजनीतिक दलद्वारा निर्वाचनको क्रममा हुन सक्ने मानव अधिकार हनन्, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक लगायत सबै नागरिकले भयरहीत वातावरणमा मतदान गर्न पाउने अधिकारको सुनिश्चितता, मतदाता र उम्मेदवारहरुको सुरक्षा र निर्वाचन आचार संहितामा उल्लिखित मानव अधिकारसम्बन्धी विषयको पालना लगायतको अनुगमन गर्नेछन् । साथै विभिन्न जिल्लामा सञ्चारकर्मीहरु पक्राउ परेको घटनाप्रति आयोगको ध्यानाकर्षण भएको छ । यस विषयमा आयोगले आवश्यक अनुगमन गरिरहेको छ ।

शान्ति सुरक्षालाई मजबुत बनाई स्वतन्त्र र भयरहीत वातावरणमा निर्वाचन सम्पन्न गर्न र मतदाताको अधिकारको संरक्षण गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, संयमित र शान्तिपूर्ण ढङ्गबाट निर्वाचन प्रक्रिया अगाडि बढाउन राजनीतिक दलहरुलाईसमेत आग्रह गर्दै आयोग सम्पूर्ण मतदाताहरुलाई निर्भयतापूर्वक आफ्नो मताधिकारको प्रयोग गर्न विशेष आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य / प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७०७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547073, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ मङ्सिर १० गते

### प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचन प्रक्रियाको पहिलो चरणको अनुगमन सम्पन्न

मुलुकका ३२ जिल्लामा आज सम्पन्न पहिलो चरणको प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको क्रममा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट मतदान प्रक्रियाको अनुगमन गरेको छ । निर्वाचनको क्रममा निष्पक्ष, स्वच्छ, स्वतन्त्र र भयरहीत वातावरणको सुनिश्चितताका लागि आयोगद्वारा २७ वटा अनुगमन टोली खटिएका थिए ।

अनुगमनबाट प्राप्त तथ्यअनुसार रोल्पा, रुकुम, बझाङ, भोजपुर, नुवाकोट, गोरखा, लगायतका जिल्लाहरूमा बम विष्फोटका केही घटनाहरू भए पनि मानवीय क्षति नभएको पाइएको छ । ताप्लेजुङ, धादिङ, बाग्लुङ, दार्चुला लगायतका जिल्लास्थित केही मतदानस्थल नजिकै विष्फोटक पदार्थ भेटिएको, बाजुरा, दोलखा, जाजरकोट, ओखलढुङ्गा र सिन्धुपाल्चोकमा राजनीतिकदलका कार्यकर्ताबीच झडप हुँदा केही व्यक्ति घाइते भएको बुझिएको छ । दोलखा, बाजुरा र सिन्धुपाल्चोक जिल्लामा झडप नियन्त्रण गर्न सुरक्षाकर्मीद्वारा हवाइफायर समेत भएको बुझिएको छ । रुकुमको बाफिकोट गाउँपालिका-५ स्थित (क) मतदान केन्द्रमा प्रत्यक्ष तर्फको मतपेटिका तथा आठबीसकोट नगरपालिका-१२ स्थित गत्तासैना मतदान केन्द्रमा समानुपातिक तर्फको मतपेटिकामा आगलागी पश्चात् मतदान स्थगित भएको बुझिएको छ ।

कतिपय मतदान केन्द्रमा चार, पाँच घण्टा पैदल हिँडेर मतदानको लागि जानुपर्ने परिस्थितिका कारण जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा गर्भवती महिलाहरु मताधिकारबाट बञ्चित भएको, मतदाता शिक्षा तथा मताधिकारको प्रयोग सम्बन्धमा प्रभावकारी रुपमा सचेतना पुग्न नसक्दा केही मतदान केन्द्रमा दिउँसो २ बजेसम्म पनि मतदाता मत-खसाल्न उपस्थित नभएका, अधिकांश मतदान केन्द्रहरू अपाङ्गमैत्री नभएका तथ्यहरू अनुगमनका क्रममा प्राप्त भएका छन् । लमजुङको एक मतदान केन्द्रमा मतदान अधिकृतको हस्ताक्षर बिनाको मतपत्र दिइएको भनी विवाद सृजना भई केही समय मतदान कार्य स्थगित भएको पाइएको छ । यद्यपी बम विष्फोटका घटना, चिसो मौसम तथा भौगोलिक विकटताका बाबजुद मतदाताहरू आफ्नो मताधिकार प्रयोग गर्न मतदान केन्द्रमा पुगेको पाइएको छ ।

अतः आगामि निर्वाचनमा मतदाता शिक्षा र मतदान केन्द्रको सुव्यवस्था जस्ता विषयहरूमा उल्लेख्य सुधार गर्न आयोग सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

२०७४ मङ्सिर १३ गते

### देशमा भइरहेका गम्भीर घटनाप्रति आयोगको चिन्ता

मुलुकका बिभिन्न ४५ वटा जिल्लाहरूमा प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरणको निर्वाचन नजिकिँदै गर्दा हिंसात्मक घटनाहरुमा वृद्धि भइरहेको अनुगमनबाट पाइएको छ । २०७४ मंसिर १२ गते दाङको तुलसीपुरमा राजनीतिक दलको आमसभास्थल नजिकै बम विस्फोट हुँदा ७ जना सुरक्षाकर्मी घाईते भएको र म्यादी प्रहरी विनोद चौधरीको उपचारको क्रममा मृत्यु भएको घटनाप्रति आयोग दुःख व्यक्त गर्दै मृतकको शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।

ललितपुरको लगनखेलमा आमसभा नजिकै विस्फोट भएको, उदयपुरमा एम्बुसमा परी उम्मेदवार सहित गम्भीर घाइते भई त्रि.वि. शिक्षण अस्पतालमा उपचार समेत भइरहेको, मोरङ, झापा, बारा, महोत्तरी, सप्तरी, ललितपुर, भक्तपुर, नवलपरासी र गुल्मी लगायतका जिल्लामा उम्मेदवारलाई लक्षित गरी बम विस्फोट र झडपको भएको पाइएको र उम्मेदवारको घरमा विस्फोट गराइएको पाइएकोले ती घटनाहरुको आयोग भर्त्सना गर्दछ ।

त्यसैगरी, मङ्सिर १२ गते काठमाडौंको बानेश्वरमा सडक अवरोध गरी आमसभा भएकोले आमनागरिकको आवागमनमा प्रतिकूल असर पर्न गएको आयोगको अनुगमनबाट देखिएको छ ।

निर्वाचनको क्रममा भएका घटनाको अनुसन्धान गरी घटनामा संलग्न दोषीलाई कारबाही गर्न र शान्ति सुरक्षालाई मजबुत बनाई स्वतन्त्र र भयरहित रूपमा निर्वाचन सम्पन्न हुने वातावरण सिर्जना गर्न नेपाल सरकारसँग आयोग आग्रह गर्दछ । साथै निर्वाचनको प्रचारप्रसार र आमसभा गर्दा अन्य व्यक्तिको मानव अधिकारको सम्मान गर्न र संयमित, शान्तिपूर्ण रूपमा निर्वाचन आचारसंहिताको पालना गर्दै निर्वाचन प्रकिया अगाडि बढाई मानव अधिकार सम्मान र संरक्षण गर्न नेपाल सरकार, राजनीतिक दल लगायत सम्बन्धित सबै पक्षसंग विशेष आग्रह गर्दछ ।

यज्ञप्रसाद अधिकारी
नि. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पोबनं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

### प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ मङ्सिर १८ गते

### निर्वाचन सुरक्षा व्यवस्था कडा बनाऊ !

प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको दोश्रो चरणको दिन नजिकिँदै गर्दा तेह्रथुम, स्याङ्जा, सर्लाही, पाल्पा, डडेल्धुरा, कैलाली जिल्ला लगायत राजधानी मै उम्मेदवार तथा दलका चुनावी कार्यक्रमलाई लक्षित गरी बम आक्रमण भई उम्मेदवार तथा दर्जनौं सर्वसाधारण व्यक्तिहरु घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । बम विष्फोटबाट घाइते भएकाहरुको अवस्था बुझ्न आयोगको टोली परिचालन गरिएको छ ।

राजनीतिक दलका चुनावी कार्यक्रम एवं उम्मेदवारहरुलाई लक्षित गरी भएका श्रृंखलाबद्ध बम आक्रमणका घटनाहरुले निर्वाचन सुरक्षा व्यवस्था कमजोर देखिन्छ । यी घटनाहरूबाट मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ लगायतका नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीहरु, नेपालको संविधान लगायतका कानुनहरु तथा शान्तिपूर्ण र भयरहीत वातावरणमा निर्वाचन सम्पन्न गराउन निर्वाचन आयोगबाट दिइएको निर्देशनहरू समेत प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको देखिन्छ ।

उम्मेदवारहरू सहित सर्वसाधारणहरु समेत घाइते हुने गरी भएका यस्ता अमानवीय घटनाहरूप्रति आयोग भर्त्सना गर्दै गहिरो दुःख व्यक्त गर्दछ । बम आक्रमणका घटनाहरूमा वृद्धि हुँदै जाँदा समेत वास्तविक दोषी पहिचान हुन नसक्नुले निर्वाचन सुरक्षामा गम्भीर चुनौति खडा भएको देखिन्छ । घटनाका दोषी पहिचान गरी कानुनी दायरामा ल्याउन, निर्दोष व्यक्तिलाई कुनैपनि आस्थाका आधारमा जथाभावी धरपकड नगर्न र घाइते व्यक्तिहरूको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । निर्वाचनकै सन्दर्भमा व्यक्तिको पूर्वराजनैतिक आस्था तथा आशंकाको आधारमा भइरहेको धरपकड, गैरकानूनी थुना तथा यातनाको विषयहरूप्रति जवाफदेहितापूर्ण कार्यगर्न समेत आयोग आग्रह गर्दछ ।

राज्यका सबै सुरक्षा व्यवस्थालई प्रभावकारी तुल्याई निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित रुपमा सम्पन्न हुने वातावरणको सुनिश्चितता गर्न तथा शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचित हुन पाउने र जनप्रतिनिधि छान्न पाउने नागरिकको नैसर्गिक अधिकारको सम्मान गर्न आयोग सम्बन्धित सबै पक्ष र नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

८।१८

वेद भट्टराई
सचिव

फोन ८ ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७४ मङ्सिर २० गते

## निर्वाचन अनुगमनका लागि आयोगद्वारा उच्चस्तरीय अनुगमन टोली गठन

### गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूबीच सुरक्षा व्यवस्थाबारे छलफल

राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन अनुगमन कार्यलाइं थप प्रभावकारी र विश्वसनीय बनाउन 'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' बमोजिम आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको नेतृत्व सहितको मानव अधिकारकर्मी, महिला अधिकारकर्मी, नागरिक समाज, कानुन व्यवसायी संयुक्त राष्ट्रसंघका लागि नेपालका पूर्व स्थायी प्रतिनिधि संलग्न रहेको उच्चस्तरीय अनुगमन टोलीहरू गठन गरेको छ । टोलीले काठमाण्डौं उपत्यका लगायत आवश्यकता अनुसार अन्यस्थानहरू समेतको अनुगमन गर्नेछ ।

यसका साथै, आयोगले निर्वाचन सुरक्षा व्यवस्था तथा मानव अधिकारको उचित सम्मान र संरक्षणका लागि भएका प्रयासहरूबारे आजै राष्ट्रिय मानव अधिकार आयोग र नेपाल सरकारका गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूबीच छलफल गरेको छ । सो अवसरमा आयोगका अध्यक्ष अनूप राज शर्माले निर्वाचनलाई शान्तिपूर्ण तथा मानव अधिकारमैत्री बनाउन सुरक्षा निकायको भूमिका महत्वपूर्ण हुने भन्दै सुरक्षा व्यवस्था प्रभावकारी बनाउनका लागि समर्पित रहन सुरक्षा निकायका प्रमुखहरूलाई आग्रह गर्नुभएको छ । उहाँले मतदाताहरू सुरक्षा व्यवस्थाप्रति आश्वस्त हुनसके मात्र मतदान प्रक्रिया विश्वसनीय र सफल हुने विचार व्यक्त गर्नुभएको छ । छलफलका क्रममा गृह सचिव मोहनकृष्ण सापकोटाले निर्वाचन सुरक्षा व्यवस्था मानव अधिकारको प्रत्याभुति हुने ढङ्गबाट गरिएको बताउनुभएको छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

२०७४ मङ्सिर २१ गते

### प्रदेशसभा तथा प्रतिनिधिसभाको दोश्रो चरणको निर्वाचन प्रक्रियाको अनुगमन सम्पन्न

मुलुकका ४५ जिल्लामा आज सम्पन्न प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको दोश्रो चरणको दिन राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट मतदान प्रक्रियाको अनुगमन गरेको छ । निर्वाचनको सन्दर्भमा निर्वाचनअघि, निर्वाचनको समय र निर्वाचनपश्चात् गरी तीन चरणमा मानव अधिकारको सुनिश्चितताका लागि आयोगद्वारा ७ वटा उच्चस्तरीय टोली सहित ४५ वटै जिल्लामा अनुगमन टोलीहरू खटिएका थिए ।

अनुगमनबाट प्राप्त तथ्यअनुसार डडेल्धुरा, नवलपरासी, ललितपुर, काठमाण्डौ, भक्तपुर, गुल्मी, सुनसरी, सल्यान, स्याङ्जा, धनकुटा लगायतका जिल्लाहरूमा बम बिष्फोटका घटनाहरू भएको, पुर्वी नवलपरासीको देवचुली गाउँपालिकामा केही व्यक्ति घाइते भएको पाइएको छ । सप्तरीको महादेवा गाउँपालिकाको एक मतदान केन्द्रमा एउटै पनि मतदान हुन नसकेको पाइएको छ । कञ्चनपुर, सर्लाही, मकवानपुर, भक्तपुर लगायतका जिल्लाहरूमा बिष्फोटक पदार्थ भेटिएको, सर्लाही, भक्तपुर, काठमाण्डौ, स्याङ्जा, लगायतका जिल्लाहरूमा राजनीतिक दलका कार्यकर्ताबीच झडप हुँदा केही व्यक्ति घाइते भएको बुझिएको छ । सर्लाही, अछाम र स्याङ्जामा झडप नियन्त्रण गर्न सुरक्षाकर्मीद्वारा हवाइफायर समेत भएको पाइएको छ । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-५ स्थित मथुरा मा.वि. नेटाको 'ख' केन्द्रमा मतदान अधिकृतको हस्ताक्षर नभएको मतपत्र भेटिएपछि भएको विवादका कारण मतदान स्थगित भएको पाइएको छ ।

त्यसैगरी, पश्चिम नवलपरासीको सरावल गाउँपालिकास्थित एक मतदान केन्द्रमा प्रदेशसभाको मतपत्र प्रतिनिधिसभाको मतपेटिकामा खसेका कारण केहीबेर मतदान रोकिएको, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई मतदानको लागि प्राथमिकता दिइएको पाइएता पनि कतिपय मतदान केन्द्र अपाङ्गमैत्री नभएको, मतदान प्रक्रियामा स्वास्थ्यकर्मीहरूको प्रयोग नरोकिएको, निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई पर्याप्त अभिमूखीकरण हुन नसकेको, आशंका र राजनीतिक आस्थाका आधारमा केही व्यक्तिलाई पक्राउ गरेको बुझिएको, केही मतदान केन्द्रहरूमा मतदाता सूची र मतदाता परिचय पत्रको क्रमसंख्या नमिल्दा नाम पत्ता लगाउन समस्या भएको, अधिकांश जिल्लाहरूमा मतदाता शिक्षा कमजोर रहेको तथ्यहरु अनुगमनबाट प्राप्त भएका छन् ।

समग्रमा मतदान प्रक्रिया उत्साहपूर्ण रूपमा सम्पन्न भएको पाइएको छ । महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु लगायतको उल्लेख्य सहभागिता रहेको पाइएको छ । केही जिल्लाहरूमा मतदाताहरु बम विष्फोटका घटनाहरू, झरी, चिसो मौसम लगायतका प्रतिकुलताका बावजुद् मतदाताहरू आफ्नो मताधिकार प्रयोग गर्न सरिक रहेको पाइएको छ ।

आगामी निर्वाचनमा मतदाता शिक्षा र मतदान केन्द्रको सुव्यवस्थापन जस्ता विषयहरूमा उल्लेख्य सुधार गर्न आयोग सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

## केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर
पो.ब.नं. ९१८२
इमेल : nhrc@nhrcnepal.org
फोन : ०१-५०१००१५, १६, १७, १८
वेवसाइट : www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७५
हटलाइन : ५० १० ०००

## क्षेत्रीय कार्यालयहरु

विराटनगर, चांदनीचोक
फोन : ०२१-४६१९३१, ४६१०९३
फ्याक्स : ०२१-४६११००

जनकपुर, देवीचोक
फोन : ०४१-५२७८११, ५२७८१२
फ्याक्स : ०४१-५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन : ०६१-४६२८११, ४६३८२२
फ्याक्स : ०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन : ०८२-५२६७०७, ५२६७०८
फ्याक्स : ०८१-५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन : ०९१-५२५६२१, ५२५६२२
फ्याक्स : ०९१-५२५६२३

## उपक्षेत्रीय कार्यालयहरु

खोटाङ्ग, दिक्तेल, फोन : ०३६-४२०२८४
रुपन्देही, बुटवल, फोन : ०७१-५४६९११
जुम्ला, खलङ्गा, फोन : ०८७-५२०२२२
सानेपा, ललितपुर, फोन : ०१-५५३०३६२